चिकित्सा शिक्षा आयोगको आठौं वार्षिक प्रतिवेदन आ.व. २०८२/८३

चिकित्सा शिक्षा आयोग

आठौं वार्षिक प्रतिवेदन

आ.व. २०८२/८३



नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर



चिकित्सा शिक्षा आयोग

आठौं वार्षिक प्रतिवेदन

आ.व. २०८२/८३





नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर



चिकित्सा शिक्षा आयोगको आठौं वार्षिक प्रतिवेदन, २०८२/८३

प्रकाशित मिति : २०८३

प्रकाशक : चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर

© सर्वाधिकार : चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर

फोन नं. : ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६

वेबसाइट : www.mec.gov.np

इमेल : info@mec.gov.np

चिकित्सा शिक्षा आयोगको गठन:

क्र.स.	पद तथा ठेगाना	नाम, थर	पदाधिकारी
१.	प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सम्माननीय वालेन्द्र शाह	अध्यक्ष
२.	मन्त्री, शिक्षा तथा खेलकुद मन्त्रालय	माननीय सस्मित पोखरेल	सहअध्यक्ष
३.	मन्त्री, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	माननीय निशा मेहता	सहअध्यक्ष
४.	उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग	प्रा. डा. देवेन्द्रबहादुर खत्री	उपाध्यक्ष
५.	सदस्य, राष्ट्रिय योजना आयोग	माननीय रेशु अर्याल ढुङ्गाना	सदस्य
६.	चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिमध्येबाट तीन जना		सदस्य
७.			सदस्य
८.			सदस्य
९.	सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय	श्री चूडामणि पौडेल	सदस्य
१०.	सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	डा. विकास देवकोटा	सदस्य
११.	अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग	प्रा. डा. खड्गबहादुर के.सी.	सदस्य
१२.	उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्		सदस्य
१३.	अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद्	डा. सिद्धार्थकुमार ठाकुर	सदस्य
१४.	अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	प्रा. डा. सुधा बस्नेत	सदस्य
१५.	अध्यक्ष, नेपाल नर्सिङ परिषद्	श्री सकुन्तला प्रजापति	सदस्य
१६.	अध्यक्ष, नेपाल स्वास्थ्य व्यावसायिक परिषद्	श्री सगुन पौडेल	सदस्य

१७.	अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल	डा. कादिर आलम	सदस्य
१८.	स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङ लगायतका आधिकारिक पेशागत संगठनका अध्यक्षहरू मध्येबाट कम्तीमा एकजना महिला सहित दुई जना		सदस्य
१९.			सदस्य
२०.	मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रिय स्तरको आधिकारिक संगठनका अध्यक्ष		सदस्य
२१.	नागरिक समाजका लब्ध प्रतिष्ठित कम्तीमा एक महिला सहित दुईजना		सदस्य
२२.			सदस्य
२३.	अध्यक्ष, नेपाल मेडिकल काउन्सिल	प्रा. डा. ढुण्डीराज पौडेल	सदस्य
२४.	चिकित्सा शिक्षा विज्ञ	प्रा. डा. श्रीकृष्ण गिरी	सदस्य
२५.	चिकित्सा शिक्षा विज्ञ	प्रा. डा. मन्दिरा शाही	सदस्य
२६.	चिकित्सा शिक्षा विज्ञ	प्रा. डा. बन्दना खनाल	सदस्य
२७.	अध्यक्ष नेपाल मेडिकल एशोसियसन	डा. बद्री रिजाल	सदस्य
२८.	निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरहरूको आधिकारिक संगठनका अध्यक्ष	प्रा. डा. ज्ञानेन्द्रमान सिंह कार्की	सदस्य
२९.	सहसचिव, चिकित्सा शिक्षा आयोग	श्री हरिप्रसाद निरौला	सदस्यसचिव

Abbreviation

BASLP:	Bachelor in Audiology and Speech Language Pathology
BAMS:	Bachelor of Ayurveda Medicine and Surgery
BDS:	Bachelor of Dental Surgery
B Optom.:	Bachelor of Optometry
B Pharm:	Bachelor of Pharmacy
BPT:	Bachelor of Physiotherapy
B Sc Midwifery:	Bachelor of Science in Midwifery
B Sc MIT:	Bachelor of Science in Medical Imaging Technology
B Sc MLT:	Bachelor of Science in Medical Lab Technology
BNS/BMS:	Bachelor of Nursing Studies / Bachelor of Midwifery Science
B Sc Nursing:	Bachelor of Science in Nursing
BNYS:	Bachelor of Naturopathy and Yogic Science
MBBS:	Bachelor of Medicine and Bachelor of Surgery
MD:	Doctor of Medicine
MDS:	Master of Dental Surgery
MN:	Master of Nursing
M Optom:	Master of Optometry
MPH:	Master of Public Health
M Pharm:	Master of Pharmacy
M phil:	Master of Philosophy
MS:	Master of Surgery
M Sc:	Master of Science
DM:	Doctorate of Medicine
MCh:	Master of Chirurgiae (Master of Surgery)
NBMS:	National Board of Medical Specialties
PG:	Postgraduate
UG:	Undergraduate

कृतज्ञता

चिकित्सा शिक्षा आयोगले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम आफ्ना कार्यहरू सम्पादन गर्दै आएको छ। चिकित्सा शिक्षामा समतामूलक तथा समान पहुँच सुनिश्चित गर्नु, गुणस्तर अभिवृद्धि गर्नु र यसको प्रभावकारी नियमन गर्नु आयोगको मुख्य लक्ष्य हो। यस आयोगले इमान्दारिता, निष्ठा र निष्पक्षताका साथ क्रियाशील रहँदै चिकित्सा शिक्षा क्षेत्रका विद्यमान समस्याहरूको समाधानका लागि निरन्तर प्रयास गर्दै आएको छ।

मुलुकमा चिकित्सा शिक्षासम्बन्धी नीति निर्माण, राष्ट्रिय मापदण्डको निर्धारण तथा कार्यान्वयन, शुल्क निर्धारण र सोको कार्यान्वयन, एकीकृत प्रवेश परीक्षा सञ्चालन, सिट निर्धारण तथा समग्र नियमनजस्ता महत्वपूर्ण कार्यहरू आयोगले सफलतापूर्वक सम्पन्न गर्दै आएको छ। गत आर्थिक वर्षमा आयोगले नियमित रूपमा सम्पन्न गर्नुपर्ने सिट निर्धारण तथा सबै तहका एकीकृत प्रवेश परीक्षा सञ्चालन लगायतका सम्पूर्ण कार्यहरू सफलतापूर्वक सम्पन्न गरेको छ। यस अवधिमा आयोगले स्नातकोत्तर तहका सबै कार्यक्रमहरूको पाठ्यक्रम प्रारूप विकासको कार्य प्रारम्भ गर्नुका साथै जनशक्ति प्रक्षेपण योजनालाई अध्यावधिक गर्ने कार्यलाई अगाडि बढाएको छ। यसका अतिरिक्त, मौजुदा केही कार्यविधिहरूमा संशोधन गरिएको छ भने आवश्यकताअनुसार विभिन्न विषयक्षेत्रमा कार्यदल गठन गरी प्राप्त प्रतिवेदनमा उल्लिखित सुझावहरूको आधारमा कार्यान्वयन गर्ने गरिएको छ। आयोगले स्थापना भएको छोटो अवधिमा नै नेपालको चिकित्सा शिक्षा क्षेत्रमा उल्लेख्य योगदान गर्न सफल भएको महसुस गरिएको छ । आयोग अब नेपालको चिकित्सा शिक्षा क्षेत्रमा प्रचलित ऐन, कानुन एवम् उद्देश्य मुताविक काम गरी आफ्नो पहिचान स्थापित गर्ने चरणबाट प्रवर्द्धनात्मक कार्य र गुणस्तर सुधारको चरणमा थप प्रयास गर्नुपर्ने अवस्थामा प्रवेश गर्दै छ ।

आर्थिक वर्ष २०८२/८३ मा आयोगका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्रीज्यूबाट छ ओटा बैठकको अध्यक्षता गरी आयोगको उद्देश्यअनुसार काम सम्पन्न गर्न हौसला प्रदान गर्नु भएकोमा उहाँ प्रति हार्दिक आभारसहित कृतज्ञता व्यक्त गर्दछौं। साथै आयोगका सदस्यहरूको सहभागिता र रचनात्मक सहयोग प्रति पनि आभारी छौं । आयोगबाट सम्पादित समग्र कार्यमा आयोगलाई सहयोग पुऱ्याउनु हुने विभिन्न विश्वविद्यालयहरू, प्रतिष्ठानहरू, चिकित्सा शिक्षा प्रदायक शिक्षण संस्थाहरू, प्राध्यापक, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाहरू प्रति आयोग आभार व्यक्त गर्दछ। आयोगको कार्यमा सहयोग गर्ने अन्य सरकारी एवम् गैरसरकारी निकाय, पदाधिकारी र कर्मचारी एवम् आठौं वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबै प्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ। यसका लागि सम्बन्धित सबै पक्षको रचनात्मक सुझावका लागि हार्दिक कृतज्ञतासहित सहयोगको अपेक्षा गर्दछ।

२०८३, भाद्र २५

(प्रा.डा. देवेन्द्रबहादुर खत्री)

उपाध्यक्ष

कार्यकारी सारांश

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रावधानअनुसार चिकित्सा शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गर्दै यसको नियमनलाई एकीकृत र चुस्त बनाउन चिकित्सा शिक्षा आयोगको स्थापना भएको हो । आयोगले चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण गर्ने, एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने, शैक्षिक संस्थाको स्थापना र शुल्क निर्धारण गर्ने, गुणस्तर प्रत्यायन, स्वास्थ्य क्षेत्रको जनशक्ति प्रक्षेपण तथा आपूर्ति योजना तर्जुमा गर्नेलगायतका महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ । यसले विश्वविद्यालय तथा प्रतिष्ठानहरूको स्वायत्ततालाई सम्मान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय र सहकार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा २९ सदस्यीय आयोग गठन हुने व्यवस्था छ, जसमा नागरिक समाजका प्रतिनिधि, विषयगत पेसागत संस्थाका अध्यक्ष र विभिन्न विश्वविद्यालयका उपकुलपतिहरू समेत पदेन सदस्य रहने व्यवस्था छ । आयोगमा मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुने प्रावधान रहेको छ।

आयोगको दैनिक कार्यसम्पादनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार उपाध्यक्षको अध्यक्षतामा एक कार्यकारी समिति रहने व्यवस्था छ । यस समितिमा निर्देशनालयका निर्देशकहरू, दुई जना मनोनित सदस्य र सदस्य-सचिव गरी आठ जना पदाधिकारी रहने व्यवस्था छ । समितिले निर्देशनालयबिच समन्वय गर्ने, कार्यको समीक्षा र मूल्याङ्कन गर्ने, नीति तथा कार्यक्रम कार्यान्वयन गराउने र शिक्षण संस्थाको सिट सङ्ख्या तथा शुल्कसम्बन्धी सिफारिस गर्नेलगायतका कार्य सम्पादन गर्दछ ।

आयोगको प्रमुख कार्यकारी पदको रूपमा उपाध्यक्ष रहने व्यवस्था छ । लोकसेवा आयोगको अध्यक्षको संयोजकत्वमा गठित सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले उपाध्यक्ष नियुक्ति गर्दछ, जसको पदावधि चार वर्षको हुने व्यवस्था रहेको छ । उपाध्यक्षले आयोगको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने, वार्षिक योजना तथा बजेट तयार गरी पेस गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र अन्य व्यवस्थापकीय कार्यहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

आयोगको कार्य सम्पादनलाई सुचारु बनाउन मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजसमेत गरी तीन ओटा निर्देशनालय र एउटा बोर्डको व्यवस्था छ । प्रत्येक निर्देशनालय तथा बोर्डमा चार वर्षको पदावधि रहने गरी निर्देशकहरू नियुक्त हुने व्यवस्था छ । निर्देशकले निर्देशनालयको वार्षिक योजना तथा कार्यक्रम तयार गर्ने, आयोग र कार्यकारी समितिका निर्णयहरू कार्यान्वयन गर्ने तथा अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने कार्यहरू गर्दछन् ।

आयोगका दैनिक प्रशासनिक र व्यवस्थापकीय कार्यहरू सञ्चालन गर्न वरिष्ठ कर्मचारीले सदस्य-सचिवको रूपमा काम गर्ने व्यवस्था गरिएको छ । सदस्य-सचिवले वार्षिक कार्यक्रम र बजेट तयार गर्ने, आयोगका निर्णयहरू कार्यान्वयन गर्ने, कर्मचारी व्यवस्थापन गर्ने, आर्थिक प्रशासनसम्बन्धी कार्य गर्ने र आन्तरिक नियन्त्रण तथा सुशासन कायम गर्ने जस्ता जिम्मेवारीहरू वहन गर्नुपर्ने हुन्छ ।

चिकित्सा शिक्षा आयोग राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार स्थापित एक स्वायत्त संस्था हो यसले चिकित्सा शिक्षालाई गुणस्तरीय, व्यावसायिक र सामाजिक न्यायमा आधारित बनाउने उद्देश्य राखेको छ । आयोगले गुणस्तरीयता, समावेशिता, योग्यता, निष्पक्षता, गोपनीयता, स्वच्छता, समान अवसर, परिचय शून्यता र असंलग्नता जस्ता सैद्धान्तिक आधारहरूमा रही कार्य गर्दछ ।

आयोगले पेसागत पहिचान, पवित्रता, स्वप्रत्यावर्तन, अरूप्रतिको सम्मान, गुणस्तर तथा सुरक्षित स्याहार, पेसाधर्मिता, समाजप्रतिको उत्तरदायित्व, र आम जनताको स्वास्थ्यमा सुधार जस्ता मूल्यमान्यताहरूलाई आत्मसात् गर्दै आएको छ। यी मूल्यमान्यताहरूलाई आयोगले आफ्ना नीति, निर्देशिका र कार्यविधिहरूमा समावेश गरी कार्यान्वयनमा ल्याएको छ, जसले चिकित्सा शिक्षाको समग्र गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

गुणस्तरीय शिक्षण सिकाइका लागि आयोगले केही महत्त्वपूर्ण सिद्धान्तहरूलाई प्राथमिकता दिएको छ । यी सिद्धान्तहरूमा विद्यार्थी-शिक्षक तथा विद्यार्थी-फ्याकल्टीबिचको निरन्तर सम्पर्क, विद्यार्थी-विद्यार्थीबिचको अन्तरक्रिया र सहयोग, सक्रिय सिकाइ, गुणस्तरीय समय र समयमै काम, तत्काल र निरन्तर पृष्ठपोषण, विद्यार्थीका विविध सिकाइ सक्षमताको सम्मान, निरन्तर मूल्याङ्कन र अतिरिक्त सिकाइ सहयोग समावेश छन् । यी सिद्धान्तहरूले विद्यार्थीलाई व्यावहारिक र सैद्धान्तिक दुवै पक्षमा दक्ष बनाउन सहयोग पुऱ्याउँछन् ।

नेपालको संविधान, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति, २०७६, र स्वास्थ्य नीति, २०७६ आयोगका मुख्य कानुनी आधारहरू हुन् । यी कानुनी दस्तावेजहरूले आयोगको स्थापना, गठन, काम, कर्तव्य र अधिकारलाई परिभाषित गरेका छन्, जसले चिकित्सा शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र सामाजिक न्यायमा आधारित बनाउन मार्गनिर्देश गर्दछन् ।

ऐन र नियमावलीले दिएको अधिकारलाई कार्यान्वयन गर्न आयोगले विभिन्न कार्यविधि तथा निर्देशिकाहरू विकास गरी लागु गरेको छ । यसमा कोष सञ्चालन, आशयपत्र, सम्बन्धन तथा प्रत्यायन, एकीकृत प्रवेश परीक्षा, छात्रवृत्ति, शिक्षण शुल्क र वैदेशिक अध्ययन अनुमतिपत्रलगायतका नौ ओटा कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

आयोगले सिट सङ्ख्या निर्धारण, शुल्क संरचनाको पुनरावलोकन, विद्यार्थी सत्यापन र जनशक्ति प्रक्षेपण योजनालगायतका विषयमा विभिन्न कार्यदल तथा समितिहरू गठन गरी प्रतिवेदनहरू तयार पारेको छ । यी प्रतिवेदनहरूले आयोगका नीति तथा निर्णयहरूलाई तथ्यगत र तर्कसम्मत आधार प्रदान गर्छन् ।

आर्थिक वर्ष २०८२/८३ मा चिकित्सा शिक्षा आयोगका छ ओटा बैठकहरू सम्पन्न भएका छन्। राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा उल्लिखित प्रावधान तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० र अनुसूची- ४ मा उल्लिखित व्यवस्था, चिकित्सा शिक्षा आयोगद्वारा स्वीकृत न्यूनतम/प्रत्यायन मापदण्ड (Minimum/Accreditation Standards), चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम आयोगको कार्यकारी समितिको सिफारिससमेतका आधारमा चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम

सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थालाई शैक्षिक सत्र २०२५/२६ का लागि स्नातक तह, डीएम/एमसिएच तह र एनबिएमएस (स्पेसियालिटि/सब स्पेसियालिटि) तर्फ सिट निर्धारण भएको छ।

नयाँ शैक्षिक कार्यक्रमका रूपमा मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमलाई राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची-८ मा समावेश गरी मिति २०८२/०२/२९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको र उक्त कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण हुन बाँकी रहेको हुँदा उक्त मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमको प्रकृतिसँग मिल्दो रहेको एमएस्सी एमआइटी कार्यक्रममा निर्धारित शुल्क सरह रू. ७,५७,८३०।- शुल्क कायम गरेको छ । मुसहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षाको एमबिबिएस कार्यक्रममा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यलाई व्यवस्थित गरी कार्यान्वयन गर्न "उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गरेको छ। नेपाल राजपत्रमा प्रकाशित संवत २०८३ सालको अध्यादेश नं ०७ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. थप भई आयोगले यस ऐनको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएकोले विगतमा जारी गरिएका नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने निर्देशिका तथा कार्यविधिहरू राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी जारी गरेको छ ।

आयोगको नीतिगत मार्गदर्शनमा रहेर काम गर्ने कार्यकारी समितिले आर्थिक वर्ष २०८२/८३ मा अठ्सट्ठी ओटा बैठक सम्पन्न गरेको छ । यस अवधिमा भएका मुख्य निर्णयहरूमध्ये लक्षित वर्ग छात्रवृत्ति कार्यक्रमका लागि सिट निर्धारण, स्नातक तहमा निःशुल्क अध्ययन गराएबापत सार्वजनिक शिक्षण संस्थाहरूलाई अनुदान निकासा, नयाँ कार्यक्रमलाई राष्ट्रिय चिकित्सा नियमावली, २०७७ मा सूचीकृत, शैक्षिक क्यालेन्डर स्वीकृत, विदेशी विद्यार्थीको भर्ना व्यवस्थाबारे राय सुझावसहितको प्रतिवेदन पेस गर्न कार्यदल गठन , शैक्षिक सत्र २०२५/२६ का लागि स्नातक तहमा ९,२७३ सिट र स्नातकोत्तर तहमा २,०३० सिट निर्धारण, एनविएमएस तर्फ स्पेसियालिटी र सवस्पेसियालिटी तहमा गरी जम्मा ४२ सिट निर्धारण, पाठ्यक्रम प्रारूप विकास गर्ने गराउनेलगातयका महत्त्वपूर्ण निर्णय गरिएको छ ।

आयोगले स्नातक र स्नातकोत्तर तहका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गर्ने कार्यलाई प्राथमिकता दिएको छ । स्नातकोत्तर तहका ५५ विषयमध्ये ४१ ओटा विषयको पाठ्यक्रम प्रारूपको मस्यौदा तयार भइसकेको छ ।

आयोगले स्वास्थ्य जनशक्ति प्रक्षेपणसम्बन्धी अवधारणापत्र र कार्यढाँचा तयार गरेको छ । यसले जनशक्तिको माग र आपूर्तिबिच सन्तुलन कायम गर्न र प्रमाणमा आधारित नीति निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यस कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूसँग समन्वय र सहकार्य गरी कार्यसम्पादन गरिने छ ।

आयोगले चिकित्सा शिक्षा व्यवस्थापन सूचना प्रणाली (Medical Education Management Information System-MEMIS) को विकास र प्रयोगलाई निरन्तरता दिएको छ । यस आर्थिक वर्षमा अनुदान निकासा मोड्युल थप गरी सोही प्रणालीमार्फत् पेस भएका माग फारामका आधारमा सार्वजनिक शिक्षण संस्थालाई अनुदान निकासा गर्न शुरू गरिएको छ। यस अवधिमा आयोगले ९३ ओटा शिक्षण संस्थाका ४८,४१२ विद्यार्थीको सत्यापन कार्य सम्पन्न गरी अनुदानको सही प्रयोग सुनिश्चित गरेको छ । निःशुल्क छात्रवृत्ति

सिटमा मनोनयन भई बिचैमा अध्ययन छोड्ने र अध्ययन पूरा भएपश्चात गर्नुपर्ने न्यूनतम अवधि सेवा नगर्ने विद्यार्थीबाट यस आर्थिक वर्षमा रू. १ करोड ४७ लाख ४७ हजार ९३४ रूपैंया बिगो तथा जरिवाना असुल गरिएको छ । आयोगको सातौं वार्षिक प्रतिवेदन तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारसमक्ष पेस गरिएको छ । आर्थिक वर्ष २०८३/८४ का लागि आयोगको आन्तरिक स्रोततर्फ चालु खर्च रू. ४७ करोड ४२ लाख ९८ हजार र पूँजीगत खर्च रू. ८ करोड ६२ लाख गरी कुल रू. ५६ करोड ४ लाख ९८ हजारको बजेट स्वीकृतिका लागि आयोग समक्ष प्रस्ताव गरिएको थियो ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार आयोगले चिकित्सा शिक्षाका सबै तह र विधाका लागि न्यूनतम/प्रत्यायन मापदण्ड (Minimum/Accreditation Standards) निर्धारण गर्ने व्यवस्था गरेको छ । यस क्रममा एमबिबिएस र बिडिएसलगातयका १४ ओटा स्नातक तहका कार्यक्रमहरूको न्यूनतम मापदण्ड स्वीकृत गरिएको छ । यी मापदण्डले कार्यक्रमअनुसारको सक्षमताहरू, अधिकतम सिट सङ्ख्या, आवश्यक भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधारहरूको सीमा निर्धारण गरेको छ ।

आ.व.२०८२/८३ मा चिकित्सा शिक्षातर्फको स्नातक तहका १८२६ जना, स्नातकोत्तर तहका ३२४ जना, डीएम/एमसिएचका ३० जना, फेलोसिप अध्ययनका लागि ५६ जना र पिएचडीका लागि २५ जना गरी कुल २२६१ जना विद्यार्थीलाई वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) प्रदान गरिएको छ ।

नेपालको एमबिबिएस कार्यक्रमलाई विश्वव्यापी मान्यता दिलाउन आयोगले वर्ल्ड फेडेरेसन फर मेडिकल एजुकेसन (WFME) मा आवेदन दिए पश्चात् WFME को टोलीले नेपालमा स्थलगत अनुगमन गरी बुझाएको प्रतिवेदनको सिफारिस बमोजिम आफ्ना प्रत्यायन प्रक्रियालाई सुधार गर्दै आगामी दोस्रो मूल्याङ्कनको लागि आयोगबाट आवश्यक तयारी गरिदै छ ।

चिकित्सा शिक्षा आयोगले स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा सफलतापूर्वक सम्पन्न गरेको छ । यस वर्ष ६०,२४९ जनाले आवेदन दिएका थिए । १९७ परीक्षा केन्द्रहरूमा सञ्चालित परीक्षामा ५६,३९५ जना उम्मेद्वार सहभागी भएका थिए । योग्यताक्रममा रहेका कुल २८,२५२ जना उम्मेद्वारहरूमध्ये योग्यताक्रम र प्राथमिकताका आधारमा विभिन्न चरणको म्याचिङ प्रक्रियाबाट ८,५५० जना विद्यार्थीहरू विभिन्न शिक्षण संस्थामा भर्ना भएका छन्। स्नातक तहका शैक्षिक कार्यक्रम मध्ये एमबिबिएस कार्यक्रममा सबैभन्दा बढी २६३५ जना भर्ना भएका छन् । यसै गरी स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाका लागि ९,९४८ जनाले आवेदन दिएका थिए । ३९ परीक्षा केन्द्रहरूमा सञ्चालित परीक्षामा ९,३१९ जना उम्मेद्वार सहभागी भएका थिए । योग्यताक्रममा रहेका कुल ४,६९८ जना उम्मेद्वारहरूमध्ये म्याचिङ प्रक्रियाबाट १,७८९ जनाको भर्ना भएको छ । यस तहमा एमडी,एमएस कार्यक्रममा सबैभन्दा बढी १२४२ जनाको भर्ना भएको छ । डीएम/एमसिएच/एनबीएमएस-एसएस तहको एकीकृत प्रवेश परीक्षामा ३१६ जनाले आवेदन दिएका थिए । कम्प्युटरमा आधारित परीक्षामा २९८ जना उम्मेद्वार सहभागी भएका थिए । योग्यताक्रममा रहेका कुल १५१ जनामध्ये म्याचिङ प्रक्रियाबाट १०३ जनाको विभिन्न शिक्षण संस्था र शैक्षिक कार्यक्रममा भर्ना भएका छन् ।

प्रतिवेदन अवधिमा नेपाल सरकारलाई पाकिस्तान सरकारबाट डी फार्मेसी विषयमा २० सिट, चीन

सरकारबाट एमबिबिएसका लागि ३ सिट, बंगलादेश सरकारबाट एमबिबिएस, बिडिएस र विएससी नर्सिङका लागि जम्मा २७ सिट, क्युबा सरकारबाट एमबिबिएसका लागि १ सिट छात्रवृत्ति कोटा प्राप्त भएकोमा उल्लिखित सिटमा अध्ययनका लागि मनोनयन गर्न आयोगले सञ्चालन गरेको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा उम्मेद्वारहरू छनौट गरी शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरिएको छ ।

चिकित्सा शिक्षा आयोगको स्थापना भएसँगै नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमार्फत् स्पेसियालिटी र सबस्पेसियालिटी तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत हाल १३ ओटा विभिन्न शैक्षिक संस्थाहरूमा स्पेसियालिटी र सबस्पेसियालिटी तहका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम एनबिएमएसका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । एनबिएमएसअन्तर्गत सञ्चालन हुने शैक्षिक कार्यक्रमको लागि सिट निर्धारण, पाठ्यक्रम निर्धारण, विद्यार्थी भर्ना, अन्तिम बोर्ड परीक्षा सञ्चालन, रेजिडेन्ट तथा फ्याकल्टीको लागि इलगबुक अभिमुखीकरण, रेजिडेन्ट तथा फ्याकल्टीको लागि तालिम सञ्चालन, अनुगमन, रेजिडेन्टहरूको पाठ्यक्रमअनुसारको पोष्टिङलगायतका क्रियाकलापहरू नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सम्पादन हुँदै आएको छ। स्पेसियालिटी तहमा ६० जना र सबस्पेसियालिटी तहमा २० जना गरी कुल ८० जना रेजिडेन्डहरू हाल अध्ययनरत रहेका छन् । नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत स्पेसियालिटी तहका ६ जना र सबस्पेसियालिटी तहका ९ जना गरी कूल १५ जना विद्यार्थीहरू उत्तीर्ण भइसकेका छन् ।

आयोगले आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारको स्रोत र आन्तरिक स्रोत गरी दुई प्रमुख स्रोतबाट बजेट व्यवस्थापन र कार्यान्वयन गरेको छ ।नेपाल सरकार स्रोतबाट कर्मचारी तलब-भत्ता र छात्रवृत्तिका लागि अनुदानमा गरी कुल रू. ५ अर्ब ७९ करोड ७१ लाख बजेट विनियोजन भएकोमा ६३.३२ प्रतिशत अर्थात् रू. ३ अर्ब ६७ करोड ४ लाख ५४ हजार खर्च भएको छ । आन्तरिक स्रोततर्फ कुल रू. ५३ करोड ७२ लाख ३३ हजार विनियोजन भएकोमा २१.६२ प्रतिशत खर्च भएको छ । पूँजीगत खर्चतर्फ विनियोजित बजेटको कुल ३.८५ प्रतिशत मात्र खर्च भएको छ ।

चिकित्सा शिक्षा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्ने क्रममा विभिन्न कानुनी चुनौतीहरूको सामना गर्दै आएको छ । आ.व. २०८२/८३ मा आयोगलाई विपक्षी बनाई २१ ओटा नयाँ मुद्दा दायर भएका छन् (सर्वोच्च अदालतमा १५ र उच्च अदालतमा ६) । तीमध्ये ४ ओटा मुद्दा (सर्वोच्चमा ३ र उच्चमा १) को फैसला भइसकेको छ । यस वर्ष जिम्मेवारी सरेर आएका मुद्दाहरूमध्ये १६ ओटाको फैसला भएको छ ।हालसम्म विभिन्न अदालतमा कुल ३३ ओटा मुद्दा विचाराधीन अवस्थामा छन् । अधिकांश मुद्दामा अदालतको फैसला आयोगको पक्षमा भएको छ, जसले आयोगका निर्णयहरू कानुनी रूपमा बलियो र सही रहेको प्रमाणित गर्दछ । आयोगप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको आभास भएको छ ।

चिकित्सा शिक्षा क्षेत्रमा सवल पक्ष, समस्या तथा चुनौती र अवसरहरू उल्लेख्य सङ्ख्यामा रहेका छन् । नयाँ कानुन बनाउने र विद्यमान कानुनहरूलाई समसामयिक बनाउने, समन्वय र सहकार्य, परीक्षा सञ्चालन तथा व्यवस्थापन, संरचनागत समस्या, चिकित्सा शिक्षा प्रदान गर्ने नयाँ शिक्षण संस्था

स्थापना, पूर्ण क्षमतामा चिकित्सा शिक्षाका शिक्षण संस्थाहरू सञ्चालनमा आउन नसक्नु, अनुगमन तथा गुणस्तर सुनिश्चितता, एकीकृत सूचना पद्धतिको संस्थागत विकास, जनशक्ति आवश्यक भएको विधामा विद्यार्थी भर्ना कम हुनु जस्ता समस्या तथा चुनौतीहरूको निरन्तर सामना गर्न परिरहेको छ । चिकित्सा शिक्षाको गुणस्तर सुधार, पाठ्यक्रम तथा मापदण्ड विकास र कार्यान्वयन, अध्ययन पश्चातको जनशक्तिको उपयोग, एकीकृत सूचना तथा तथ्याङ्क पद्धति विकास, गुणस्तरीय एवम् प्रभावकारी अनुगमन पद्धति विकास र प्रयोग, कर्मचारी व्यवस्थापन, प्राज्ञिक उन्नयनको सुनिश्चितता जस्ता समस्या तथा चुनौतीहरू रहे तापनि अवसरहरू पनि प्रर्याप्त छन् । स्पष्ट कानुनी आधार तय भएको, सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आयोगको गठन, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको नयाँ व्यवस्था, शिक्षण शुल्कमा एकरूपता, नेपाल सरकारलाई परामर्श प्रदान गर्न सक्ने व्यवस्था, चिकित्सा शिक्षासम्बन्धी विश्व महासङ्घसँग आवद्धताको पूर्ण सम्भावना, आन्तरिक स्रोत परिचालन गरी कार्यक्रम विकास तथा सञ्चालन गर्न पाउने स्वायत्तता जस्ता अवसरहरूले यसलाई अग्रगमनमा जान सहजता मिलेको छ ।

सबैका लागि समतामूलक पहुँच र गुणस्तरीय चिकित्सा शिक्षा आयोग स्थापनाको प्रमुख उद्देश्यलाई सम्बोधन गर्ने ऐन र नियमावलीमा व्यवस्था भएका सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने, प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने, नक्साङ्कन स्वीकृत गर्ने कामका लागि अझ प्रयास गर्नुपर्ने छ । त्यसै गरी आयोगको सङ्गठन र व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य, चिकित्सा शिक्षाका सबै तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृति, शिक्षकको योग्यतासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने, प्रत्यायनसम्बन्धी कार्य, जनशक्तिको आवधिक प्रक्षेपण तथा आपूर्तिको योजनासम्बन्धी कार्य, आयोगलाई सूचना प्रविधिको पक्षबाट सबल बनाउने, चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा र कार्यान्वयन, एकीकृत प्रवेश परीक्षा पद्धतिलाई अझ व्यवस्थित र सुदृढ गर्ने काममा थप पहल गर्नु आवश्यक छ ।

आयोगको महत्व, सान्दर्भिकता तथा व्यावसायिकता बारेमा सर्वसाधारण र चिकित्सा शिक्षाका सरोकारवालाहरूबिच थप प्रबोधीकरणका लागि उपयोगी सामग्री विकास गरी प्रचारप्रसार गर्ने र यसका लागि सञ्चार माध्यमहरूसँग सहकार्य गर्नुपर्ने छ । चिकित्सा शिक्षासँग सम्बन्धित विभिन्न ऐन नियमावली तथा निर्देशिकाहरू कार्यान्वयनका क्रममा देखिएका व्यवहारिक समस्या र सरोकारवालाको सुझावका आधारमा अध्यावधिक, परिमार्जन र एकरूपता कायम गर्न पहलको आवश्यकता रहेको छ । कार्यविधिहरूको विकास तथा कार्यान्वयन, सरोकारवालाहरूको उच्च सहभागिताको सुनिश्चितता, विज्ञ समूहको उच्चतम परिचालन, पाठ्यक्रम प्रारूप कार्यान्वयन, चिकित्सा शिक्षाको प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड विकास तथा कार्यान्वयन, प्रवेश परीक्षाको प्रश्नपत्र बैङ्ककको सुदृढीकरण, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतका कार्यक्रमहरूको प्रबोधीकरण, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँगको सहकार्य, चिकित्सा शिक्षामा प्राज्ञिक सिर्जनशीलता तथा अनुसन्धान, चिकित्सा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा आवद्धतासम्बन्धी क्षेत्रमा थप प्रयासको आवश्यकता रहेको छ ।

विषय सूची

परिच्छेद एक : आयोगको स्थापना, गठन, काम, कर्तव्य र अधिकार

१.१ आयोगको स्थापना १
१.२ आयोगको गठन २
१.३ आयोगको काम, कर्तव्य र अधिकार... २
१.४ कार्यकारी समिति... ३
१.५ उपाध्यक्ष... ५
१.६ निर्देशनालय तथा बोर्ड र निर्देशक... ६
१.७ सदस्य-सचिव... ६
१.८ प्रतिवेदन पेस गर्ने दायित्व... ८

परिच्छेद दुई : आयोगको कार्य सम्पादनसँग सम्बन्धित कानुनी आधारहरू

२.१ कानुनी आधारहरू... ९
२.२ निर्देशिका तथा कार्यविधि १२
२.३ अध्ययन प्रतिवेदनहरू... १३

परिच्छेद तीन : आयोगको संगठनात्मक स्वरूप तथा कार्य सम्पादन

३.१ आयोगको संगठनात्मक स्वरूप १४
३.२ आयोगको कार्य सम्पादन १४
३.२.१ आयोगको निर्णयहरू १४
३.२.२ कार्यकारी समितिको निर्णयहरू १६

परिच्छेद चार : योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय... २६
परिच्छेद पाँच : मापदण्ड तथा प्रत्यायन निर्देशनालय... ४७
परिच्छेद छ : परीक्षा निर्देशनालय... ५५
परिच्छेद सात : नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज... ६५
परिच्छेद आठ : आयोगको वार्षिक प्रगति... ७४
परिच्छेद नौ : मुद्दा तथा फैसलाहरू.. ७८
परिच्छेद दश : चुनौती तथा समस्या, अवसर र भावी कार्यदिशा ८०

अनुसूचीहरू

अनुसूची - १ : आ.व. २०८२/८३ को लागि स्वीकृत अस्थायी दरबन्दी विवरण ६५

अनुसूची - २ : आयोगमा कार्यरत जनशक्ति विवरण ८७

अनुसूची - ३ : शैक्षिक सत्र २०८२/८३ का लागि शिक्षण संस्थागत तथा विधागत रूपमा निर्धारित सिटसम्बन्धी विवरण ९०

अनुसूची - ४ : शैक्षिक सत्र २०७८/७९ देखि २०८२/८३ सम्मका लागि निर्धारित सिट र विद्यार्थी भर्नासम्बन्धी विवरण ९२

अनुसूची - ५ : विद्यार्थीलाई निःशुल्क अध्ययन गराएवापत आर्थिक वर्ष २०८२/०८३ मा सार्वजिक शिक्षण संस्थालाई उपलब्ध गराइएको अनुदान रकमको विवरण १२२

अनुसूची - ६ : वार्षिक शैक्षिक क्यालेण्डर, २०८३-०८४ (०२६/२७) स्नातक, स्नातकोत्तर,स्पेसियालिटी र डिएम/एमसिएच, सवस्पेसियालिटी तहको वार्षिक कार्यतालिका १२९

अनुसूची - ७ : आयोगबाट प्रदान गरिएको वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) सम्बन्धी विवरण १३१

अनुसूची - ८ : आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएका मुद्दाहरूको विवरण १३३

परिच्छेद- एक

आयोगको स्थापना, गठन, काम, कर्तव्य र अधिकार

१.१ आयोग स्थापनाः

चिकित्सा शिक्षाको नियमनलाई एकीकृत र चुस्त बनाउँदै यसको पहुँच र गुणस्तर अभिवृद्धि गरी नेपालको राष्ट्रिय आवश्यकताअनुरूप चिकित्सा शिक्षाको विकास गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भई चिकित्सा शिक्षा आयोगको स्थापना भएको हो । यस आयोगबाट चिकित्सा शिक्षाको राष्ट्रिय नीति तथा सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण, शिक्षण संस्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनको न्यूनतम मापदण्ड, शिक्षण शुल्क र सिट निर्धारण, एकीकृत प्रवेश परीक्षा सञ्चालन तथा विद्यार्थी भर्ना र शैक्षिक गुणस्तर अभिवृद्धिसम्बन्धी काम गर्दै आएको छ ।

चिकित्सा शिक्षाको गुणस्तर प्रत्यायन तथा स्तर निर्धारण, शिक्षकको योग्यता, शिक्षण विधि र प्रविधि, गुणस्तरसम्बन्धी मापदण्ड निर्धारण, राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आकलन, प्रक्षेपण तथा आपूर्तिको योजना तर्जुमा, चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वय, चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धन, चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोग, शैक्षिक कार्यक्रमहरूको सञ्चालन, व्यवस्थापन तथा उपाधि, छात्रवृत्ति तथा अनुदान, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतका कार्यक्रम सञ्चालनलगायतका क्षेत्रमा कार्य सम्पादन हुँदै आएका छन् ।

चिकित्सा शिक्षा ऐन, २०७५ मा विश्वविद्यालय, प्रतिष्ठानलगायत अन्य सम्बन्धित निकायहरूको निर्दिष्ट स्वायत्तता र स्वतन्त्रतालाई आत्मसात गर्दै आयोगले काम गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी आयोगले राष्ट्रियस्तरमा सम्बद्ध सबै निकायहरूसँग समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रियस्तरका निकायहरूसँगसमेत समन्वय, सहकार्य र साझेदारी गर्दै समावेशी र गुणस्तरीय चिकित्सा शिक्षाको सुनिश्चितताका लागि आयोगले नेतृत्वदायी भूमिका बहन गर्नुपर्ने व्यवस्था छ । आयोगको पहिलो बैठक २०७५ चैत्र ४ गते सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा बसेको र हालसम्म जम्मा २७ ओटा बैठक सम्पन्न भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा अन्तिमसम्म सम्माननीय प्रधानमन्त्री तथा आयोगका

अध्यक्षज्यूको अध्यक्षतामा ६ ओटा बैठक सम्पन्न भएका छन् । आयोगको कार्यालय सानोठिमी, भक्तपुरमा अवस्थित छ ।

१.२ आयोगको गठन

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ को उपदफा (१) मा चिकित्सा शिक्षा आयोग गठनको व्यवस्था रहेको छ । सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने यस आयोगमा नागरिक समाजका लब्ध प्रतिष्ठित प्रतिनिधि, विषयगत पेशागत संस्थाका अध्यक्ष, राष्ट्रिय तहका निजी र सरकारी क्षेत्रका पेसगत सङ्गठन, विश्वविद्यालयका उपकुलपतिलगायत जम्मा २९ सदस्यीय आयोग हुने व्यवस्था छ । आयोगको मौजुदा विस्तृत विवरण आवरण पृष्ठमा प्रस्तुत गरिएको छ । आयोगमा अध्यक्षबाट मनोनयन हुने सदस्यहरूको पदावधि चार वर्षको हुने व्यवस्था रहेको छ ।

१.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ :

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकतानुसार निर्देशन दिने,

(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

उक्त ऐनमा रहेको व्यवस्थालाई थप स्पष्ट गर्दै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३ मा ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको देहायका काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ :

(क) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) शिक्षण संस्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ग) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने ।

१.४ कार्यकारी समिति

आयोगको कार्यकारी निकायको रूपमा काम गर्नका लागि एक कार्यकारी समिति रहने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ को उपदफा (१) मा छ । आयोगको उपाध्यक्षको अध्यक्षतामा गठन हुने कार्यकारी समितिमा आयोगको तीन ओटा निर्देशनालय र एउटा बोर्डमा गरी चार जना निर्देशकहरू, अध्यक्षले मनोनयन गरेका आयोगका दुई जना सदस्य र आयोगको सदस्य-सचिवसहित आठ जना पदाधिकारी रहने व्यवस्था छ ।

कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम उल्लेख गरेको छ :

(क) निर्देशनालय र बोर्डबीच समन्वय गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने,

(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,

(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐनबमोजिम आशयपत्रका लागि आयोगसमक्ष सिफारिस गर्ने,

(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,

(च) यस ऐनबमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,

(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,

(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,

(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३ अनुसार ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने भनी उल्लेख गरिएको छः

(क) आयोगको योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेटसम्बन्धी कार्य गर्ने,

(ख) आयोगको कार्यक्रम कार्यान्वयन गर्न विश्वविद्यालय, प्रतिष्ठान र विषयगत काउन्सिलसँग समन्वय र सहजीकरण गर्ने,

(ग) आयोगको सङ्गठन र व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्य गर्ने,

(घ) आयोगबाट सम्पादन भएका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ङ) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृतिका लागि आयोगसमक्ष सिफारिस गर्ने,

(च) शिक्षण संस्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि आयोगसमक्ष पेस गर्ने,

(छ) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन गरी आयोगमा पेस गर्ने,

(ज) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित अन्तिम परीक्षामा उत्तीर्ण विद्यार्थीलाई उपाधि प्रदान गर्न आयोगसमक्ष सिफारिस गर्ने,

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने, गराउने ।

१.५ उपाध्यक्ष

आयोगको उपाध्यक्ष पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदका रूपमा रहने व्यवस्था ऐनको दफा २२ ले गरेको छ । लोक सेवा आयोगको अध्यक्षको संयोजकत्वमा गठन हुने ३ सदस्यीय सिफारिस समितको सिफारिसमा नेपाल सरकारले आयोगको उपाध्यक्ष नियुक्ति गर्ने र उपाध्यक्षको पदावधि चार वर्षको रहने व्यवस्था रहेको छ ।

उपाध्यक्षको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकार

देहायबमोजिम रहेका छन् :

(क) आयोगबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) आयोगको वार्षिक कार्यकम, योजना तथा बजेट तयार गराई आयोगसमक्ष पेस गर्ने,

(ग) आयोग र समितिका निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

त्यसै गरी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ५ बमोजिम (ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त) उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् :

(क) आयोगबाट निर्णय हुने विषयमा प्रस्ताव तयार गरी आयोगसमक्ष पेस गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकताअनुसार निर्देशन दिने,

(ग) प्राज्ञिक कार्यक्रमसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको ढाँचा स्वीकृत गर्ने,

(घ) आयोग तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने वा गराउने ।

१.६ निर्देशनालय तथा बोर्ड र निर्देशक

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ को उपदफा (१) ले आयोगको कार्य सम्पादनको लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय र परीक्षा निर्देशनालय गरी तीन ओटा निर्देशनालय तथा एक नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड रहने व्यवस्था छ । प्रत्येक निर्देशनालयमा एक जना निर्देशक रहने प्रावधान छ। राष्ट्रिय योजना आयोगको सदस्य संयोजक रहेको सिफारिस समितिले सिफारिस गरेको आधारमा उपाध्यक्षबाट निर्देशकको नियुक्ति हुने र यसरी नियुक्त निर्देशकको पदावधि चार वर्षको हुने कानुनी व्यवस्था रहेको छ।

निर्देशकको काम, कर्तव्य र अधिकार

आयोगको दैनिक नियमित कार्य सम्पादनका लागि निर्देशनालय तथा बोर्डको व्यवस्था गरिएको छ । निर्देशनालय र बोर्डको नेतृत्व निर्देशकबाट हुने प्रावधान रहेको छ । राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार निर्देशकको काम, कर्तव्य र अधिकार यस प्रकार रहेको छः

(क) निर्देशनालय वा बोर्डको वार्षिक योजना तथा कार्यक्रम तयार गरी सदस्य सचिवमार्फत् समितिमा पेस गर्ने,
(ख) समितिबाट निर्णय हुनुपर्ने विषयमा प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,
(ग) आयोग तथा समितिबाट भएका निर्णय कार्यान्वयनका लागि कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने,
(घ) अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने,
(ङ) आयोग, समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य काम गर्ने ।

१.७ सदस्यसचिव

आयोगका निर्णय कार्यान्वयनलगायत आयोगका दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्नका लागि आयोगको सचिवालय रहेको र उक्त सचिवालयको नेतृत्व वरिष्ठ कर्मचारीले गर्ने र निजले आयोगको सदस्य-सचिवका रूपमासमेत काम गर्ने व्यवस्था रहेको छ । ऐनले आयोगमा कर्मचारी व्यवस्था नभएसम्म नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले आयोगको सदस्यसचिव भई काम गर्ने व्यवस्था रहेको छ ।

सदस्यसचिवको काम, कर्तव्य र अधिकारः राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३० बमोजिम सदस्यसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) आयोगको वार्षिक कार्यक्रम र योजना तयार गरी उपाध्यक्षसमक्ष पेस गर्ने,

(ख) आयोगको वार्षिक बजेट तयार गर्ने,

(ग) आयोगको चल अचल सम्पत्तिको देखदेख, स्याहार सम्भार गर्ने वा गराउने,

(घ) आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) आयोगमा रहने अभिलेख अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,

(च) आयोगका कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(छ) आयोगको कार्यालयको काम कारवाहीको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण गर्ने,

(ज) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकताअनुसार सम्पर्क र समन्वय गर्ने ।

(झ) आयोग वा समितिले तोकेको अन्य काम गर्ने ।

ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३३ बमोजिम उपाध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्

(क) आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,

(ख) समितिबाट निर्णय हुनुपर्ने विषयको प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,

(ग) आयोग तथा समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने वा गराउने,

(ङ) आयोगको कार्य सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली, सुशासन र जवाफदेहितासम्बन्धी कार्यहरू गर्ने वा गराउने,

(च) आयोगको आर्थिक प्रशासनसम्बन्धी कार्य गर्ने,

(छ) आयोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरूजु फछ्यौंट तथा खर्च समर्थनसम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीको करार सेवासम्बन्धी कार्य गर्ने,

(झ) नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने,

(ञ) आयोग, समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य काम गर्ने ।

१.८ प्रतिवेदन पेस गर्ने दायित्व

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५१ को उपदफा (१) मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र त्यस वर्षभरिमा आफूले सम्पादन गरेको काम कारवाहीको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था भएअनुरूप आयोगले प्रत्येक वर्ष प्रतिवेदन पेस गर्दै आएको छ ।

परिच्छेद- दुई

आयोगको कार्य सम्पादनसँग सम्बन्धित कानुनी आधारहरू

२.१ कानुनी आधारहरू

चिकित्सा शिक्षासम्बन्धी कार्यलाई थप प्रभावकारी, गुणस्तरीय तथा समतामूलक बनाउन विभिन्न कानुनी व्यवस्थाहरू तय भई कार्यान्वयनमा आएका छन् । आयोगको कार्य सम्पादनसँग सम्बन्धित कानुनी आधारहरु देहाय अनुसार रहेका छन् ।

नेपालको संविधान

नेपालको संविधानले नागरिक तथा राजनीतिक अधिकारको साथसाथै सामाजिक, साँस्कृतिक एवम् आर्थिक अधिकार समेटेको छ । संविधानको धारा १६ देखि धारा ४६ सम्म ३१ ओटा मौलिक हकको व्यवस्था रहेको छ । शिक्षाको हक, स्वास्थ्यसम्बन्धी हक, स्वच्छ वातावारणको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हकलगायतका हकहरू मौलिक हकमा समेटिएका छन् । संविधानको धारा ३१ को शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने रहेको छ । त्यसै गरी संविधानको धारा ३५ को स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने र आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने एवम् प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरिएको छ ।

संविधानको धारा ५१ मा राज्यका नीतिहरू समावेश छन् । नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षा, स्वास्थ्य र नागरिकका आधारभूत वस्तु तथा सेवाका विषयलाई समावेश गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमुलक एवम् जनमुखी बनाउँदै लगिने तथा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गरी निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने विषय नीतिमा उल्लेख छ । त्यसै गरी नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने जस्ता विषय नीतिमा रहेका छन् ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७

चिकित्सा शिक्षा आयोगको कार्यलाई मार्गदर्शन प्रदान गर्ने मुख्य कानुनी दस्तावेज राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ हुन् । यिनै कानुनमा उल्लिखित प्रावधानका आधारमा आयोगले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६

राष्ट्रिय शिक्षा नीति, २०७६ ले चिकित्सा शिक्षा सम्बन्धमा देहायका नीति तथा कार्यनीति लिएको छ :

नीतिः

(१)चिकित्सा शिक्षालाई सेवामूलक तथा गैर नाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित (Competency based) पाठ्यक्रम लागु गर्ने ।

(२)आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधि उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने ।

कार्यनीति

(१) चिकित्सा शिक्षासम्बन्धी सम्पूर्ण संस्था तथा कार्यक्रमहरू सङ्घीय सरकारको शिक्षासम्बन्धी विषय हेर्ने मन्त्रालयको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै चिकित्सा शिक्षा आयोगको नियमन, नेतृत्व र निर्देशनमा गुणस्तर कायम गराइने छ । चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत प्रतिष्ठानका रूपमा सञ्चालन गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।

(२) चिकित्सा शिक्षाको पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको सिर्जनशीलता तथा समस्याको विश्लेषण क्षमता, सहकार्य सिप, कार्यकौशल, समस्या समाधान सिप आदिमा जोड दिइने छ । सोको वास्तविक मूल्याङ्कनका निम्ति मूल्याङ्कन प्रणालीमा सुधार तथा परिवर्तन गर्ने संस्कारको विकास गरिने छ ।

(३) पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियल्टिजको तत्वावधानमा स्नातकोत्तर चिकित्सा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न अनुमति दिइने छ ।

(४) चिकित्सा शिक्षाको पाठ्यक्रमले नैतिक मूल्य मान्यता, सञ्चार सिप एवम् समुदायप्रति दायित्वबोध गर्ने खालका विषयवस्तुसमेत समेट्नुपर्ने र शिक्षण अभ्यास तथा इन्टर्नसिपलाई वैज्ञानिक एवम् सापेक्षिक बनाउन स्वास्थ्य शिक्षा प्रविधिको उच्चतम प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

(५) चिकित्सा शिक्षालगायत प्राविधिक विषयहरूमा सरकारले उपलब्ध गराएको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरूले अध्ययन पूरा गरेपश्चात कानुनबमोजिमको अवधिभर अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था मिलाइने छ ।

(६) चिकित्सा शिक्षासम्बन्धी नयाँ संस्थाहरू स्थापना एवम् सञ्चालन गर्दा भौतिक पूर्वाधार, जनशक्ति तथा आर्थिक व्यवस्थापनका साथै जनसङ्ख्या र भौगोलिक सन्तुलनलाई समेत आधार बनाउनुपर्ने गरी कानुनी प्रबन्ध गरिने छ ।

(७) आयुर्वेद अध्ययन अध्यापन गर्ने गरी छुट्टै विश्वविद्यालय स्थापना गरी यसको आंगिक शिक्षण संस्थाको रूपमा माग र आवश्यकताअनुरूप प्रत्येक प्रदेशमा आयुर्वेद शिक्षण संस्था स्थापना गरिने छ ।

(८) स्वास्थ्यसँग सम्बन्धित सङ्कायहरू जस्तैः इ-मेडिसिन, डेन्ट्रिस्ट, नर्सिङ, जनस्वास्थ्य र फार्मेसी विषय क्षेत्रका पाठ्यक्रममा आयुर्वेदसम्बन्धी विषयवस्तु समावेश गरी पठनपाठनको व्यवस्था गरिने छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा चिकित्सा शिक्षा सम्बन्धमा देहायको नीति उल्लेख गरिएको छ :

(क) स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसङ्ख्या, भूगोल र सङ्घीय संरचनाअनुरूप सिपसहितको मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास र विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ ।

(ख) सेवा प्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरूको संरचनाको विकास, विस्तार तथा सुधार गरिने छ ।

(ग) स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरूलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिने छ ।

(घ) स्वास्थ्य क्षेत्रमा सहकारी, निजी तथा गैरसरकारी क्षेत्रबिचको सहकार्य तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवम् संरक्षण गरिने छ ।

(ङ) आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिकलगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गरिने छ ।

२.२ निर्देशिका तथा कार्यविधिहरूः

आयोगले आफूलाई प्राप्त जिम्मेवारीलाई निर्वाह गर्ने सन्दर्भमा आफ्ना काम कारवाहीलाई नियमित र व्यवस्थित गर्न देहायबमोजिमका निर्देशिका तथा कार्यविधिहरू विकास एवम् कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सूचीकृत गरी कार्यान्वयनमा ल्याएको छ :

तालिका १ : स्वीकृत निर्देशिका तथा कार्यविधिहरूः

क्र.स.	निर्देशिका तथा कार्यविधि
१.	आशय पत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि,२०८३
२.	चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि,२०८३
३.	चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि,२०८३
४.	वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापनसम्बन्धी निर्देशिका,२०८३
५.	शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि,२०८३
६.	शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि,२०८३
७.	नेसनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि,२०८३
८	छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि,२०८३
९	चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि,२०८३

२.३ अध्ययन प्रतिवेदनहरू

आर्थिक वर्ष २०८२/८३ को अवधिमा आयोगमा देहायअनुसारका प्रतिवेदनहरू प्राप्त भई प्रतिवेदनमा उपलब्ध गराइएक सुझाबहरुलाई कार्यान्वयन गरिएको थियोः

(क) सिट निर्धारण सिफारिस समितिको प्रतिवेदन,२०८२ (स्नातकोत्तर तह, शैक्षिक सत्र २०२५/२६)

(ख) सिट निर्धारण सिफारिस समितिको प्रतिवेदन,२०८२ (स्नातक तह, शैक्षिक सत्र २०२५/२६)

(ग) जनशक्ति प्रक्षेपण योजनाको अवधारणासम्बन्धी प्रतिवेदन, २०८२

(घ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि फ्याकल्टीको क्षमता विकास सम्बन्धी मापदण्ड तयारीका लागि गठित कार्यदलको प्रतिवेदन, २०८२

(ङ) चिकित्सा शिक्षा स्नातक तहको एमबिबिएस कार्यक्रमको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनको अवस्था अध्ययन कार्यदलको प्रतिवेदन, २०८२

परिच्छेद- तीन

आयोगको सङ्गठनात्मक स्वरूप तथा कार्य सम्पादन

३.१ आयोगको सङ्गठनात्मक स्वरूपः

आयोग एउटा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो । आयोगको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी समिति रहने व्यवस्था छ । आयोगको पूरा समय काम गर्न प्रमुख कार्यकारीका रूपमा नेपाल सरकारले उपाध्यक्षको नियुक्ति गर्ने व्यवस्था छ । आयोगको कामलाई व्यवस्थित गर्न मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज गरी चार ओटा संरचनाहरू रहने व्यवस्था छ । उल्लिखित निर्देशनालय तथा बोर्डको प्रमुखका रूपमा पूरा समय कार्य गर्ने निर्देशक रहने व्यवस्था छ । चार वर्षे कार्यकाल हुने निर्देशकहरूको नियुक्ति आयोगका उपाध्यक्षबाट हुने व्यवस्था छ ।

आयोगको सङ्गठन संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गर्ने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३१ मा छ । आयोगको आफ्नै कर्मचारी रहने व्यवस्था भए तापनि आफ्नो कर्मचारी नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले आवश्यक पर्ने कर्मचारी उपलब्ध गराउने व्यवस्थाअनुरूप आयोगको लागि नेपाल सरकारले अस्थायी दरबन्दी सालवसाली रूपमा स्वीकृत गरी आवश्यक कर्मचारीहरूको व्यवस्था गर्दै आएको छ । आर्थिक वर्ष २०८२/८३ का लागि आयोगको स्वीकृत अस्थायी दरबन्दी र आयोगमा कार्यरत जनशक्तिको विवरण क्रमशः अनुसूची -१ र अनुसूची -२ मा समावेश गरिएको छ ।

३.२ आयोगको कार्य सम्पादन

चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा ऐन, २०७५ तथा चिकित्सा शिक्षा नियमावली, २०७७ ले प्रदान गरेको अधिकारबमोजिम आर्थिक २०८२/८३ को अवधिमा आयोग र कार्यकारी समितिबाट देहायअनुसारका निर्णयहरू भई कार्यसम्पादन गरिएको छः

३.२.१ आयोगको निर्णयहरू

आर्थिक वर्ष २०८२/८३ मा चिकित्सा शिक्षा आयोगको एक्काइसौं (मिति २०८२/४/२९), बाइसौं (मिति २०८२/०८/१४), तेइसौं (मिति २०८२/१२/०६), चौबिसौं (मिति

२०८३/०२/२०), पच्चिसौं (मिति २०८३/०३/०२) र छब्बिसौं (मिति २०८३/०३/२५) गरी कुल ६ ओटा बैठक सम्पन्न भएका छन् । उक्त बैठकहरूबाट भएका मुख्य मुख्य निर्णयहरू देहायबमोजिम रहेका छन् :

१. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा उल्लिखित प्रावधान तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० र अनुसूची- ४ मा उल्लिखित व्यवस्था, चिकित्सा शिक्षा आयोगद्वारा स्वीकृत न्यूनतम/प्रत्यायन मापदण्ड (Minimum/Accreditation Standards), चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम आयोगको कार्यकारी समितिको मिति २०८२/०४/२८ गतेको सिफारिससमेतका आधारमा चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थालाई शैक्षिक सत्र २०२५/२६ का लागि स्नातक तह, डीएम, एमसिएच तह र एनबिएमएस (सब स्पेसियालिटिज) तर्फ सिट निर्धारण।

२. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० मा उल्लिखित व्यवस्था, चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थालाई शैक्षिक सत्र सन् २०२५/२६ का लागि स्नातकोत्तर तह र एनबिएमएस (स्पेसियालिटी) तर्फ स्नातकोत्तर तह र एनबिएमएस (स्पेसियालिटी) तर्फ सिट निर्धारण।

३. नयाँ शैक्षिक कार्यक्रमका रूपमा मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमलाई राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची-८ मा समावेश गरी मिति २०८२/०२/२९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको र उक्त कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण हुन बाँकी रहेको हुँदा उक्त मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमको प्रकृतिसँग मिल्दो रहेको एमएस्सी एमआइटी कार्यक्रममा निर्धारित शुल्क सरह रू. ७,५७,८३०।- शुल्क कायम ।

४. मुसहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षाको एमबिबिएस कार्यक्रममा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यलाई व्यवस्थित गरी कार्यान्वयन गर्न "उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०८२" स्वीकृत।

५. नेपाल राजपत्रमा प्रकाशित संवत २०८३ सालको अध्यादेश नं ०७ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. थप भई आयोगले यस ऐनको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएकोले विगतमा जारी गरिएका नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी विभिन्न नौ वटा निर्देशिका तथा कार्यविधिहरू राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी जारी । (आयोगबाट स्वीकृत भई जारी भएका कार्यविधि तथा निर्देशिकाको सूची तालिका १ मा समावेश गरिएको छ ।)

६.राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को खण्ड (च) बमोजिमको चिकित्सा शिक्षाको बिषयमा विश्वविद्यालय प्रतिष्ठान र परिषद्लाई आवश्यकतानुसार निर्देशन दिने आयोगको अधिकार अर्को व्यवस्था नभएसम्मका लागि आयोगका उपाध्यक्षलाई प्रत्यायोजन।

३.२.२ कार्यकारी समितिको निर्णयहरूः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ को उपदफा (१) मा आयोगको कार्यकारी निकायको रूपमा काम गर्न आयोगको उपाध्यक्षको अध्यक्षतामा एक कार्यकारी समिति रहने व्यवस्था छ । आयोगको नीतिगत मार्गदर्शनमा रहेर कार्यकारी समितिले काम गर्दै आएको छ । आयोग सम्बद्ध नीतिको सिफारिस गर्न र नीतिगत निर्णय कार्यान्वयन गर्न कार्यकारी समितिको भूमिका महत्वपूर्ण मानिन्छ । यसलाई आयोगले कार्यविधि बनाई कार्यान्वयन गर्ने अधिकार दिएको छ । नीतिगत विषय र दैनिक कार्यको समीक्षा र व्यवस्थापनका अतिरिक्त यसले कार्यविधि विकास तथा अन्य महत्वपूर्ण विषयमा कार्यदलहरू गठन गरी प्रतिवेदन लिने गर्दछ ।

यसको गठन भएपश्चात् सामान्यतया एक सातामा एक पटक बैठक बस्ने गरेको छ । कार्यकारी समितिको कुल ६८ बैठक (२०८२ साल श्रावणदेखि २०८३ असारसम्म) सम्पन्न भएका छन् । यस अवधिमा कार्यकारी समितिले निर्णय गरेकामध्ये केही मुख्य मुख्य निर्णयहरू निम्नानुसार उल्लेख गरिएको छः

(१) नेपालको स्वास्थ्य सेवा प्रणालीमा केही विशिष्टीकृत विधाका विशेषज्ञ चिकित्सकहरूको तीव्र अभाव देखिएका Plastic Surgery, Nephrology, Cardiology, Neurosurgery र CTVS जस्ता जटिल विषयहरूमा विशेषज्ञ जनशक्तिको कमीलाई पूर्ति गर्नका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३६ बमोजिम MBBS पछि सिधै विशेषज्ञता हासिल गर्न सकिने

गरी डिएम/एमसिएच तहको नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा यस आयोगद्वारा तयार गरिएको अवधारणापत्रबमोजिम कार्यान्वयनको ढाँचा विकास गरी पेस गर्न कार्यदल गठन गर्ने।

(२) शैक्षिक सत्र २०८३/८४ मा स्नातक (Undergraduate) तहमा चिकित्सा शिक्षाका विभिन्न विधाका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाले भर्नु पर्ने सेल्फ अप्राइजल अनलाईन फारमसम्बन्धी सूचना २०८२/११/०१ गते आयोगको वेबसाइटमा प्रकाशन गर्ने ।

(३) स्नातक तह शैक्षिक कार्यक्रमको प्रत्यायन मापदण्ड कार्यान्वयनका लागि प्रत्यायन प्रक्रिया कार्यान्वयन कार्यविधि (Procedure of Accreditation/Implementation Guideline) निर्माण गर्न कार्यदल गठन गर्ने।

(४) मुसहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सा शिक्षातर्फको उच्च शिक्षामा थप कार्यक्रमका रूपमा "उत्प्रेरणा छात्रवृत्ति प्रदान गर्ने" कार्यलाई व्यवस्थित गरी यथाशीघ्र कार्यान्वयनमा लैजान आवश्यक देखिएकोले सो प्रयोजनका लागि "चिकित्सा शिक्षातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि"को मस्यौदा तयार गरी पेस गर्न चिकित्सा शिक्षा आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयका निर्देशक प्रा. डा. सुजन बाबु मरहट्टाको संयोजकत्वमा गठित कार्यदलबाट पेस भएको "उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०८२" को मस्यौदा ग्रहण गर्ने र उक्त कार्यविधि स्वीकृतिका लागि चिकित्सा शिक्षा आयोगको आगामी पूर्ण बैठकमा पेस गर्ने गरी बैठकको कार्यसूचीमा समावेश गर्ने ।

(५) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम शैक्षिक सत्र २०८३/८४ मा चिकित्सा शिक्षाको DM/MCh/NBMS-Sub Specialty तहका विभिन्न विधाका शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक विश्वविद्यालय, प्रतिष्ठान, विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्था तथा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतका स्वास्थ्य संस्थाले सेल्फ अप्राइज फाराम भरी मिति २०८२/११/१७ देखि २०८२/१२/०८ गतेसम्म

अनलाईन प्रणालीमा आवेदन गर्न पाउने गरी मापदण्ड तथा प्रत्यायन निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट आवेदन आह्वानसम्बन्धी सूचना प्रकाशन गर्ने ।

(६) चिकित्सा शिक्षाको विभिन्न विषय तथा कार्यक्रमको न्यूनतम मापदण्ड तथा अनुगमन साधन निर्माण अध्यावधिक तथा परिमार्जन गर्ने प्रयोजनका लागि यस कार्यकारी समितिको मिति २०८२/०५/१९ को निर्णय न. २ बमोजिम गठित कार्यदलको कार्य सम्पन्न गर्न तोकिएको समयावधि पर्याप्त भएको नदेखिदा उक्त कार्यदलको कार्यावधि मिति २०८३ असार २० गतेसम्म थप गरी सो कार्यदलको कामलाई निरन्तरता दिने ।

(७) चिकित्सा शिक्षा स्नातक तह MBBS शैक्षिक कार्यक्रमको प्रत्यायनसम्बन्धी मापदण्डको विकास गर्ने प्रयोजनका लागि यस कार्यकारी समितिको मिति २०८२/०४/२० को निर्णयबमोजिम गठित कार्यदलले MBBS शैक्षिक कार्यक्रमको प्रत्यायनसम्बन्धी मापदण्ड विकास गरी पेस गरेको हुँदा उक्त मापदण्ड बमोजिम Pilot Testing कार्यक्रमसमेत सोही कार्यदलमार्फत् सम्पादन गराउन मनासिव हुन देखिएकोले सो प्रयोजनका लागि उक्त कार्यदलको कार्यावधि मिति २०८३ असार २० गतेसम्म थप गरी सो कार्यदलको कामलाई निरन्तरता दिने ।

(८) चिकित्सा शिक्षा आयोग, परीक्षा निर्देशनालयद्वारा सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा समान न्यूनतम शैक्षिक योग्यता तोकिएका विभिन्न शैक्षिक कार्यक्रमको लागि अलग अलग प्रवेश परीक्षाको योग्यताक्रममा रहेका उम्मेद्वारलाई कुनै शैक्षिक कार्यक्रम विशेष अध्ययनका लागि म्याचिङ गराउने सम्बन्धमा अध्ययन गरी सोसम्बन्धी प्रचलित अभ्यास, विधि, प्रक्रिया तथा राय सुझावसहितको प्रतिवेदन पेस गर्न कार्यदल गठन गर्ने ।

(९) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत सबस्पेसियालिटी तहको सिट निर्धारण प्रयोजनका लागि सेल्फ अप्राइजल/अनुगमन टुल्स परिमार्जन गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमार्फत् कार्यकारी समितिसमक्ष पेस गर्न सेल्फ अप्राइजल/अनुगमन टुल्स परिमार्जन कार्यदल गठन गर्ने

(१०) परीक्षा निर्देशनालयको मिति २०८२/१२/०९ गतेको सूचनाअनुसार उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०८२ बमोजिम मुसहर, डोम र चमार समुदायका लागि

MECEE-BL २०२६, MBBS शैक्षिक कार्यक्रममा अध्ययनका लागि छात्रवृत्ति सिफारिसका लागि तोकिएको समयावधि भित्र आवेदन पेस गर्ने ६ जना उम्मेद्वारहरूमध्ये उत्प्रेरणा छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०८२ बमोजिमको उत्प्रेरणा छात्रवृत्तिमा छनोटका लागि तोकिएको योग्यता पूरा गरी परीक्षा निर्देशनालयबाट यस समितिमा सिफारिस भएका तपसिलका उम्मेद्वारहरूलाई सोही कार्यविधिको को दफा ३ र ४ एमबिबिएस कार्यक्रम (शैक्षिक सत्र २०२६) मा अध्ययनका लागि उत्प्रेरणा छात्रवृत्ति कार्यक्रममा छनोट गर्ने । उल्लिखित कार्यविधिको दफा ४ को उपदफा (८) बमोजिम निज विद्यार्थीहरूको भर्ना सुनिश्चित गरिदिन सम्बन्धित विश्वविद्यालयलाई आयोगबाट पत्राचार गर्ने । पुनश्चः सोही कार्यविधिको दफा ६ बमोजिम सम्बन्धित शिक्षण संस्थालाई आयोगले कार्यविधिमा उल्लिखित व्यवस्थाबमोजिम अनुदान उपलब्ध गराउने ।

तालिका २: छनोट भएका उम्मेवारको विवरणः

क्र.स.	रोल नं	नाम	योग्यताक्रम	म्याच भएको कलेज तथा विश्वविद्यालय	सिट तथा समुदाय
१.	२६११८६५४	राजकुमार हरिजन चमार	१०४१	युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवा (त्रिभुवन विश्वविद्यालय)	चमार समुदायतर्फको एक सिट
२.	२६१२२३२४	सोनु हरिजन	२६२५	लुम्बिनी मेडिकल कलेज, पाल्पा (काठमाडौं विश्वविद्यालय)	चमार बाहेकका समुदायतर्फको सिटमध्ये एक सिट

(११) पाकिस्तान सरकारले नेपाल सरकारलाई PTAP कार्यक्रम अन्तर्गत २०२५-२६ का लागि उपलब्ध गराएको MBBS समेतका शैक्षिक कार्यक्रममा नेपाल सरकारले विद्यार्थी छनोट गरी नपठाएको कारण नेपाल स्थित पाकिस्तानी राजदूतावासले हामी रिट निवेदकहरू; मुन्दिप भुसाल, समुज्ज कुमार श्रेष्ठ र समीर अन्सारीलाई छनोट गरेकोमा चिकित्सा शिक्षा आयोगले उक्त छनोटलाई मान्यता नदिई विदेशी विश्वविद्यालयमा अध्ययन गर्न आवश्यक Eligibility Certificate जारी गर्न इन्कार गरेकोले उक्त certificate प्रदान गर्न नरोक्नु भनी अन्तरिम

आदेश जारी गरिपाऊँ भनी यस आयोगलाईसमेत विपक्षी बनाई सर्वोच्च अदालतसमक्ष दायर भएको रिट (०८२-WO-०९७५) का सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट निवेदकहरूलाई Eligibility Certificate उपलब्ध नगराउने भनी कुनै निर्णय गरेको भए सो निर्णय कार्यान्वयन नगर्नु, नगराउनु, निजहरूको Eligibility Certificate नरोक्नु, रोक्न नलगाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) (क) बमोजिम विपक्षीहरूको नाऊँमा अन्तरिम आदेश जारी गरिएको छ भनी सम्मानित अदालतबाट यस आयोगका नाममा समेत अन्तरिम आदेश जारी भएको हुँदा सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदा फैसलाबमोजिम हुने गरी उक्त छात्रवृत्तिमा छनोट भएका रिटकर्ता निवेदकले वैदेशिक अध्ययन अनुमतिपत्रका लागि आवेदन गरेमा प्रचलित कानुनबमोजिमका योग्यता पूरा गरेको अवस्थामा वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Certificate) प्रदान गर्ने र सोको छुट्टै अभिलेख तयार गरी राख्ने ।

(१२) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को खण्ड (६) बमोजिम सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने यस आयोगको क्षेत्राधिकार रहेको साथै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २७ को खण्ड (६) बमोजिम विदेशमा अध्ययन तथा फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने क्षेत्राधिकार यस आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा निहित रहेको सन्दर्भमा फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिमका सम्बन्धमा नीति तथा मापदण्ड तर्जुमा गरी नियमन कार्य गर्नु आवश्यक देखिएकोले फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिमका सम्बन्धमा नीति तथा मापदण्डको मस्यौदा तथा अनुमतिपत्रसम्बन्धी व्यवस्थाको मस्यौदा तयार गरी पेस गर्न कार्यदल गठन गर्ने।

(१३) विश्वविद्यालय/सार्वजनिक शिक्षण संस्थाहरूबाट शैक्षिक सत्र २०८३/८४ देखि सूचीमा उल्लेखित शैक्षिक कार्यक्रमहरूमा थप सिट माग दावी सहित सेल्फ अप्राइजल फारम भरी पेस गरेकोमा उक्त विश्वविद्यालय/शिक्षण संस्थाले पूरा गरेको भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधारका आधारमा सिट निर्धारण भई तोकिएको प्रक्रिया अनुसार विद्यार्थी भर्ना गर्नु गराउनु पर्ने भएको हुँदा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (७) र

दफा १८ को उपदफा (३) मा रहेको व्यवस्था खुलाई उल्लिखित नयाँ शैक्षिक कार्यक्रम र थप सिटका लागि छात्रवृत्ति उपलब्ध गराउन नेपाल सरकार, अर्थ मन्त्रालयबाट संलग्न तालिकामा उल्लिखित अनुदान रकमको स्रोत सुनिश्चितता गरिदिने व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् अनुरोध गर्ने ।

(१४) नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुको अधिनमा रही चिकित्सा शिक्षा आयोगको हकमा देहायको कार्ययोजना स्वीकृत गर्ने ।

तालिका ३: चिकित्सा शिक्षा आयोगबाट प्रस्तावित सुधार कार्ययोजना

क्र.सं.	विषय /क्रियाकलाप	जिम्मेवार निकाय/ निर्देशनालय	सहयोगी निकाय	समय सीमा	उपलब्धि सूचक
१.	छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूको कबुलियतनामा लगायतका आयोगका महत्वपूर्ण दस्तावेज डिजिटलाइज गर्ने ।	योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय	प्रशासन शाखा / आर्थिक प्रशासन शाखा	३ महिनाभित्र	दस्तावेजहरू डिजिटाईज्ड भई सेवा प्रवाह सरल भएको र अभिलेख व्यवस्थापन प्रभावकारी हुने ।
२.	स्नातक, स्नातकोत्तर र डिएम/एमसिएच तहको कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक शिक्षण संस्थालाई प्रदान गरिने अनुदान निकासाको प्रक्रियालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्ने ।	योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय	प्रशासन शाखा / आर्थिक प्रशासन शाखा	४ महिनाभित्र	वित्तीय सुशासन कायम हुने ।
३.	फ्याकल्टीको क्षमता विकास तालिमसम्बन्धी मापदण्ड स्वीकृत लागि पेस गर्ने।	योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय	चिकित्सा शिक्षा आयोग	१ महिनाभित्र	फ्याकल्टीको क्षमता विकास भई अध्ययन अध्यापनको गुणस्तर सुधारमा सहयोग पुग्ने
४.	बैदेशिक अध्ययन अनुमति पत्र (Eligibility Letter)लाई पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्ने ।	मापदण्ड तथा प्रत्यायन निर्देशनालय	प्रशासन शाखा / आर्थिक प्रशासन शाखा	४ महिनाभित्र	भौतिक उपस्थितिविनै सेवाग्राहीले वैदेशिक अध्ययन अनुमतिपत्र प्राप्त गर्न सक्ने ।

क्र.सं.	विषय /क्रियाकलाप	जिम्मेवार निकाय/ निर्देशनालय	सहयोगी निकाय	समय सीमा	उपलब्धि सूचक
५.	शिक्षण संस्थाले तहगत रूपमा भर्नुपर्ने स्वमूल्याङ्कन फाराम बुझाउनु पर्ने कार्यलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्ने ।	मापदण्ड तथा प्रत्यायन निर्देशनालय र NBMS	प्रशासन शाखा / आर्थिक प्रशासन शाखा	४ महिनाभित्र	कार्य सम्पादन छिटो, पारदर्शी र अभिलेख व्यवस्थापन सरलीकृत हुने ।

(१५) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ बमोजिमको शिक्षकसम्बन्धी व्यवस्थाका सम्बन्धमा चिकित्सा शिक्षा आयोगबाट गठित कार्यदलले पेस गरेको चिकित्सा शिक्षाका शिक्षक (फ्याकल्टी) को न्यूनतम योग्यतासम्बन्धी मापदण्डको प्रारम्भिक मस्यौदा उपर छलफल गर्न आयोजित कार्यक्रममा सहभागी मन्त्रालय, विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान, विषयगत काउन्सिलहरूका पदाधिकारी एवम् विज्ञहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणहरूलाई समायोजन गरी चिकित्सा शिक्षाका शिक्षक (फ्याकल्टी) को न्यूनतम योग्यतासम्बन्धी मापदण्डलाई अन्तिम रूप दिई राय सुझावसहितको प्रतिवेदन कार्यकारी समितिसमक्ष पेस गर्न कार्यदल गठन गर्ने ।

(१६) नयाँ शैक्षिक कार्यक्रमका रूपमा बिएस्सी क्लिनिकल साइकोलोजी कार्यक्रमलाई राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची - ८ मा समावेश गरी मिति २०८२/२/२९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको र उक्त कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण हुन बाँकी रहेको हुँदा उक्त कार्यक्रमको प्रकृतिसँग मिल्दो रहेको ब्याचलर अफ परफ्युजन टेक्नोलोजी कार्यक्रममा निर्धारित शुल्क रू. ७,७७,०००।- शुल्क सरह कायम गर्न उपयुक्त हुने भएकाले दफा १७को उपदफा (१) बमोजिम बिएस्सी क्लिनिकल साइकोलोजी कार्यक्रमको शुल्क रू. ७,७७,०००।- कायम गर्ने व्यवस्थाका लागि चिकित्सा शिक्षा आयोगको पच्चिसौँ बैठकको कार्यसूचीमा संलग्न गर्न सिफारिस गर्ने ।

(१७) चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले सञ्चालन गरेको स्पेसियालिटी र सबस्पेसियालिटी तहको विभिन्न शैक्षिक कार्यक्रमको अन्तिम बोर्ड परीक्षा

उत्तीर्ण गरेका १५ जना विद्यार्थी (रेजिडेन्ट) हरूलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को खण्ड (झ) र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८२ को दफा ४७ अनुसारको उपाधि प्रदान गर्ने स्वीकृतिका लागि आयोगको आगामी बैठकको कार्यसूचीमा संलग्न गर्न सिफारिस गर्ने ।

(१८) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्था कार्यान्वयनका लागि आवश्यकतानुसार विनियम, निर्देशिका तथा कार्यविधि बनाई लागू गर्नुपर्ने भए तापनि उल्लिखित ऐनमा आयोगलाई आवश्यकता अनुसार विनियम, निर्देशिका तथा कार्यविधि बनाउने प्रावधान राख्न छुट भएको हुँदा केही नेपाल ऐन संशोधनका क्रममा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा यस आयोगलाई विनियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार दिने गरी संशोधन गरिदिने व्यवस्थाका लागि प्रस्तावित व्यवस्था र तीन महले संलग्न गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(१९) नेपाल राजपत्रमा प्रकाशित २०८३ सालको अध्यादेश नं ०७ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. थप भई आयोगले यस ऐनको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको सन्दर्भमा चिकित्सा शिक्षा आयोगबाट विगतमा जारी भएका सबै निर्देशिका तथा कार्यविधिहरू विधायन ऐन, २०८१ को दफा ३५ अनुरूप स्वतः अमान्य भएको सन्दर्भमा उल्लिखित विगतमा जारी गरिएका देहायका निर्देशिका तथा कार्यविधिहरू राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी पुनः जारी गर्न आयोगको चौबिसौं बैठकको कार्यसूचीमा संलग्न गर्न सिफारिस गर्ने।

<u>तपसिलः</u>

(क) आशय पत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि, २०८३

(ख) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३

(ग) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३

(घ) वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८३

(ङ) शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०८३

(च) शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि, २०८३

(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३

(२०) नेपाल राजपत्रमा प्रकाशित २०८३ सालको अध्यादेश न ०७ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश बमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. थप भई आयोगले यस ऐनको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको ।उल्लिखित सन्दर्भमा चिकित्सा शिक्षा आयोगबाट विगतमा जारी भएका सबै निर्देशिका तथा कार्यविधिहरू विधायन ऐन, २०८१ को दफा ३५ अनुरुप स्वतः अमान्य भएको सन्दर्भमा यसैसाथ सलग्न छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ को मस्यौदा उपर अर्थ मन्त्रालयको च.न. ६२०४, मिति २०८३/०३/०१ को पत्रबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको बेहोरा खुलाई शिक्षा तथा खेलकुद मन्त्रालयको च.न. २३१, मिति २०८३/०३/०१ को पत्रबाट लेखी आएकाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ जारी गर्न आयोगको पच्चिसौं बैठकको कार्यसूचीमा संलग्न गरी सिफारिस गर्ने ।

(२१) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (९) मा "शिक्षण संस्थामा एमबिबिएस, डेन्टललगायत अन्य कार्यक्रमका लागि एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर लागु गरिने छ ।" भन्ने प्रावधान बमोजिम शैक्षिक वर्ष २०८३-०८४ (सन् २०२६/२७) का लागि चिकित्सा शिक्षाको स्नातक, स्नातकोत्तर एवम् स्पेसियालिटी र डिएम, एमसिएच एवम् सबस्पेसियालिटी तहका लागि तपसिलको एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर स्वीकृत गर्ने र चिकित्सा शिक्षाको उल्लिखित तहका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थाबाट कार्यान्वयन गर्न गराउन सूचना प्रकाशित गर्ने।

(२२) नेपाल राजपत्रमा प्रकाशित २०८३ सालको अध्यादेश नं ०७ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. थप भई आयोगले यस ऐनको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको । उल्लिखित सन्दर्भमा चिकित्सा शिक्षा आयोगबाट विगतमा जारी भएका सबै निर्देशिका तथा कार्यविधिहरू विधायन ऐन, २०८१ को दफा ३५ अनुरुप स्वतः अमान्य भएको सन्दर्भमा यसैसाथ संलग्न चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०८३ को मस्यौदा उपर अर्थ मन्त्रालयको च.न. ६५६४, मिति २०८३/०३/१२ को पत्रबाट रायसहितको सहमति प्राप्त भएको बेहोरा खुलाई शिक्षा तथा खेलकुद मन्त्रालयको च.न. २३५, मिति २०८३/०३/१२ को पत्रबाट लेखी आएकाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगको कोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृतिका लागि आयोगको छब्बिसौं बैठकको कार्यसूचीमा संलग्न गरी सिफारिस गर्ने।

(२३) चिकित्सा शिक्षा आयोगको आफ्नै स्थायी दरबन्दी तथा स्थायी कर्मचारीको व्यवस्था हालसम्म कायम नभएको र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३१ को उपदफा (२) बमोजिम आयोगको कार्य सञ्चालनका लागि आवश्यक कर्मचारी नेपाल सरकारले उपलब्ध गराउँदै आएको सन्दर्भमा, चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत अस्थायी दरबन्दीको अवधि समाप्त हुन लागेको तथा आगामी आर्थिक वर्ष २०८३/८४ मा आयोगको कार्य सञ्चालनलाई निरन्तरता दिन आवश्यक भएकाले अस्थायी संगठन संरचना, दरबन्दी सिर्जना तथा जनशक्ति व्यवस्थापन निर्देशिका, २०६४ बमोजिम फाइल साथ संलग्न विवरण अनुसारको अस्थायी दरबन्दी स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमार्फत् नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने ।

परिच्छेद- चार

योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय चिकित्सा शिक्षा आयोगको एक महत्त्वपूर्ण निर्देशनालय हो । यस निर्देशनालयले आयोगको वार्षिक योजना र कार्यक्रमको तर्जुमा गर्ने, मुलुकको स्वास्थ्य सेवाका लागि आवश्यक जनशक्तिको आवधिक आकलन, प्रक्षेपण र आपूर्तिको योजना बनाउने तथा यस सम्बन्धमा स्वास्थ्य संस्था र शिक्षण संस्थाहरूसँग समन्वय गर्ने जिम्मेवारी वहन गर्दछ । यसका अतिरिक्त चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान, प्राज्ञिक उन्ननयन, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समन्वय तथा प्रवर्धनसम्बन्धी कार्य गर्ने, सूचना प्रविधिको विकास र प्रयोग गर्ने र गुरुयोजनालगायतका दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा एवम् कार्यान्वयनको अभिभारा यस निर्देशनालमा रहेको छ । यस निर्देशनालयले चिकित्सा शिक्षासम्बन्धी योजना निर्माण, समन्वय, अनुगमन, मूल्याङ्कन र प्राज्ञिक उन्नयनको समग्र जिम्मेवारी लिएको छ ।

४.१ काम, कर्तव्य र अधिकारः राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेको छः

(क) आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य गर्ने,

(ख) राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आकलन, प्रक्षेपण तथा आपूर्तिको योजनासम्बन्धी कार्य गर्ने,

(ग) स्वीकृत योजनाअनुसार चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वय गर्ने,

(घ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धनसम्बन्धी कार्य गर्ने,

(ङ) चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा गरी समितिमा पेस गर्ने,

(छ) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

४.२ सम्पादित कार्यहरूको विवरणः

४.२.१ सिट निर्धारणः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (१) मा चिकित्सा शिक्षा आयोगले प्रत्येक वर्ष तोकिएबमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट सङ्ख्या तोक्ने व्यवस्था रहेको छ भने राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० मा आयोगले प्रत्येक शैक्षिक सत्रका लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन हुनु अगावै चिकित्सा शिक्षासम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाको तहगत र विषयगत सिट सङ्ख्या निर्धारण गर्ने व्यवस्था रहेको छ ।

चिकित्सा शिक्षा आयोगद्वारा स्वीकृत कार्यक्रमगत रूपमा जारी भएका न्यूनतम/प्रत्यायन मापदण्ड (Programmewise Minimum/Accreditation Standards) ले सम्बन्धित कार्यक्रममा विद्यार्थी भर्नाका लागि अधिकतम सिट सङ्ख्याको सीमाहरू निर्धारण गरी सो सिट सङ्ख्याका लागि आवश्यक भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधारहरू, अस्पताल आवश्यक हुने कार्यक्रमका लागि तोकिएको शैय्या, डिपार्टमेन्ट र बिरामी भर्ना दरसहितको शिक्षण अस्पतालसम्बन्धी मापदण्ड निर्धारण गरेको छ ।

चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ सिट निर्धारण सम्बन्धमा निश्चित विधि र प्रक्रिया निर्धारण गरेको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा उल्लिखित प्रावधान तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० र अनुसूची-४ मा उल्लिखित व्यवस्था, चिकित्सा शिक्षा आयोगद्वारा स्वीकृत न्यूनतम/प्रत्यायन मापदण्ड (Minimum/Accreditation Standards), चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम सम्बन्धित शिक्षण संस्थाको मूल्याङ्कनका सबै पक्षको गुणात्मक (Qualitative) र परिमाणात्मक (Quantitative) आधारहरूलाई रूजुसूची (Yardsticks) को अभिन्न अङ्गका रूपमा राखी सिट निर्धारण सिफारिस समितिबाट निम्न आधारमा सिट निर्धारणका लागि सिफारिस गरिएको छः

सिट निर्धारण सिफारिसका लागि लिइएका आधारहरूः

(१) विज्ञहरूबाट पेस भएका विस्तृत स्थलगत अनुगमन प्रतिवेदनहरूमा उल्लिखित तथ्य तथा सिफारिसहरूको अध्ययन तथा विश्लेषण,

(२) सम्बन्धित विश्वविद्यालय,प्रतिष्ठान र शिक्षण संस्थाबाट पेस भएका फ्याकल्टी (प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक) को विवरण र न्यूनतम मापदण्डबमोजिमको पर्याप्तताको अवस्था विश्लेषण,

(३) सम्बन्धित शिक्षण संस्थाको भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधार र प्राज्ञिक गतिविधिको व्यवस्था र अवस्थाको विश्लेषण,

(४) कार्यक्रमगत अधिकतम सिट सङ्ख्याको सीमा पालना र सिट निर्धारणका लागि प्रयोग गरिएको रूजुसूची (Yardsticks) हरूलाई न्यूनतम प्रत्यायन मापदण्डहरूसँग समायोजन (Align) को अवस्था अध्ययन तथा विश्लेषण,

(५) सम्बन्धित विश्वविद्यालय,प्रतिष्ठान र शिक्षण संस्थाबाट पेस भएका कागजातहरूको अध्ययन तथा विश्लेषण,

(६) सरकारी लगानी र छात्रवृत्तिका लागि उपलब्ध अनुदान र सोको उच्चतम प्रतिफलको आकलन तथा स्रोत सुनिश्चितताको अवस्था विश्लेषण,

(७) विगत वर्षहरूमा उपलब्ध गराइएका सिट सङ्ख्या र विद्यार्थी भर्नाको अवस्था विश्लेषण,

(८) आवश्यक स्वास्थ्य उपकरणहरूको उपलब्धता र पर्याप्तताको अवस्था विश्लेषण,

(९) स्थलगत अनुगमनका क्रममा फ्याकल्टी, विद्यार्थी र व्यवस्थापकहरूबाट प्राप्त पृष्ठपोषण,

(१०) राष्ट्रिय चिकित्सा शिक्षा ऐन तथा नियमावलीको मर्म र भावनाअनुरूप मुलुकको जनशक्तिको आवश्यकतालाई सम्बोधन हुने सम्बन्धमा आकलन,

(११) आयोगमा प्राप्त गुनासो र आयोगका पदाधिकारीहरूबाट समय-समयमा गरिएका अनुगमनका क्रममा देखिएका तथ्यहरू,

(१२) शिक्षण संस्था एवम् अस्पतालहरूको क्षमता तथा सेवा प्रवाहको अवस्था विश्लेषण,

(१३) अनुगमन प्रतिवेदन स्पष्ट नभएको अवस्थामा विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थाहरूसँग थप जानकारी माग गर्ने,

(१४) सिट निर्धारणसम्बन्धी छलफलका लागि आवश्यकताअनुसार सम्बन्धित विश्वविद्यालयका पदाधिकारीसँग परामर्श गर्ने,

(१५) सम्बन्धित विश्वविद्यालयको सहमति पत्र नभएका शिक्षण संस्थालाई नयाँ कार्यक्रम वा थप सिट नदिने,

(१६) प्रमाणपत्र तहका कार्यक्रम सञ्चालन भएका शिक्षण संस्थामा स्नातक तहका कार्यक्रम सञ्चालनका लागि सिट निर्धारण नगर्ने,

(१७) सेल्फ अप्राइजल फाराम, अनुगमन प्रतिवेदनमा समावेश भएका फ्याकल्टी र सम्बन्धित विश्वविद्यालय एवम् प्रतिष्ठानबाट गरिएको फ्याकल्टी भेरिफिकेसनलाई आधार मानी सिट निर्धारण गर्ने,

(१८) विगतमा सिट निर्धारण भएका शिक्षण संस्थाका हकमा साविकको सिट सङ्ख्यालाई समेत आधार लिने,

(१९) विगत वर्षमा विद्यार्थी भर्नाको अवस्थालाई समेत आधार लिने,

(२०) चिकित्सा शिक्षा आयोगद्वारा जारी गरिएको कार्यक्रमगत न्यूनतम प्रत्यायन मापदण्डले सम्बन्धित कार्यक्रममा विद्यार्था भर्नाका लागि तोकेका अधिकतम सिट सङ्ख्याको सीमा, सिट सङ्ख्याका लागि आवश्यक भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधारहरू र अस्पताल आवश्यक हुने कार्यक्रमका लागि तोकिएको शैया, डिपार्टमेन्ट र बिरामी भर्ना दरसहितको शिक्षण अस्पतालसम्बन्धी मापदण्डको परिधिभित्र रही सिट निर्धारण गर्ने,

(२१) सम्बन्धित कार्यक्रमअन्तर्गत विभिन्न विभागका पूर्वाधारहरूको पर्याप्तता, प्राज्ञिक कार्यहरूका लागि उपलब्ध स्रोत साधनहरूको पर्याप्तता, शैक्षिक जनशक्तिको उपलब्धता तथा प्राज्ञिक इकाइ (Academic Unit) को पूर्णता, नियमनकारी निकायहरूको निर्देशन पालनाको अवस्था, शिक्षण संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत पुऱ्याएको सेवाको अवस्था, संस्थाले प्राज्ञिक उन्नयन तथा अनुसन्धान क्षेत्रमा गरेको कार्यसमेतको मूल्याङ्कन गर्ने,

(२२) शिक्षण संस्थाका कार्यक्रमहरूका लागि सिट निर्धारणका लागि सिफारिस गर्नका लागि फ्याकल्टीको अवस्था, अस्पतालको क्षमता तथा सेवा प्रवाहको अवस्था र शिक्षण संस्थाको समग्र मूल्याङ्कनका आधारमा रूजुसूची (Yardsticks) को प्रयोग गरी शिक्षण संस्थाले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा सम्बन्धित शिक्षण संस्थाको तोकिएको कार्यक्रमका लागि सिट निर्धारण गर्ने ।

चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ को दफा ६ बमोजिम गठित सिट निर्धारण सिफारिस समितिबाट पेस भएको प्रतिवेदनका आधारमा चिकित्सा शिक्षाको स्नातक तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने देहायका विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थामा शैक्षिक सत्र २०२५/२६

का लागि स्नातक तहको तपसिलको शैक्षिक कार्यक्रममा देहायबमोजिमको सङ्ख्यामा सिट निर्धारण गरिएको:

तालिका ४: शैक्षिक सत्र २०२५/२६ का लागि स्नातक तहको शैक्षिक कार्यक्रममा निर्धारित सिट सङ्ख्याको विवरण :

S. No.	Program	No of Seats in Public Institution			No of seats in Private/ Community Institution	Total
		Federal Level University/Academy	Province Level University/Academy	Total		
1.	MBBS	565	100	665	1970	2635
2.	BDS	75	0	75	550	625
3.	BAMS	80	0	80	30	110
4.	B Sc Nursing	670	50	720	1710	2430
5.	BNS	540	12	552	510	1062
6.	BMS	65	0	65	0	65
7.	B. Pharm	110	80	190	645	835
8.	BPH	180	32	212	500	712
9.	B. MIT	30	0	30	78	108
10.	B. MLT	94	32	126	261	387
11.	B. Optom.	70	0	70	30	100
12.	B. Perfusion Technology	3	0	3	0	3
13.	BASLP	16	0	16	0	16
14.	B Sc Midwifery	20	0	20	10	30
15.	BPT	20	0	20	130	150
16.	B Sc Radiotherapy	5	0	5	0	5
17.	B Sc Clinical Psychology	0	0	0	0	0
Total		2543	306	2849	6425	9273

तालिका ५: शैक्षिक सत्र २०२५/२६ का लागि स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा निर्धारित सिट सङ्ख्याको विवरणः

S.No.	Programs	No of Seats in Public Institutions	No of Seats in Private Institutions	Total no of Seats
1.	MD/MS	670	629	1299
2.	MD Aayurveda	4	0	4
3.	MDS	34	68	102
4.	MN/M Sc Nursing	159	90	249
5.	M Sc (MIT, Medical Physics, Biochem. , Mircobio., Clinical Psychology)	27	22	49
6.	M Optom.	0	0	0
7.	M Phil Clinical Psychology	4	2	6
8.	M Pharm	30	56	86
9.	MPH	103	118	221
10.	MPT	0	9	9
11.	Pharm D	0	5	5
Total		1031	999	2030

तालिका ६: शैक्षिक सत्र २०२५/२६ का लागि डिएम/एमसिएच तहको शैक्षिक कार्यक्रममा निर्धारित सिट सङ्ख्याको विवरणः

S. No.	DM/MCh	Subject	No of Seats in Public	No of Seats in Private	Total
1.	DM	Critical Care	8	11	19
2.	DM	Pulmonology (Pulmonary, Critical Care and Sleep Medicine)	5	4	9
3.	DM	Cardiology	8	12	20
4.	DM	Nephrology	3	6	9
5.	DM	Endocrinology	1	1	2
6.	DM	Medical Hematology	0	1	1
7.	DM	Neonatology	1	5	6
8.	DM	Gastroenterology	6	5	11
9.	DM	Emergency Medicine	1	5	6
10.	DM	Neurology	2	3	5
11.	DM	Hepatology	2	0	2
12.	DM	Medical Oncology	2	0	2
13.	DM	Diabetology and Metabolic Disorder	0	2	2
14.	DM	Cardio Thoracic and Vascular Anesthesiology	1	0	1
15.	MCh	GI Surgery	6	10	16
16.	MCh	Urology	6	9	15
17.	MCh	Neuro surgery	4	7	11
18.	MCh	Pediatric Surgery	2	0	2
19.	MCh	Cardio Thoracic and Vascular Surgery	3	1	4
20.	MCh	Plastic Surgery	2	1	3
Total			63	83	146

आयोगद्वारा चिकित्सा शिक्षाको स्नातक, स्नातकोत्तर र स्नातकोत्तर तहभन्दा माथिका तहका निर्धारित कार्यक्रमगत र शिक्षण संस्थागत सिटसम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

यसका साथै भर्ना वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म पछिल्लो पाँच वर्षमा स्नातक र स्नातकोत्तर तहमा निर्धारण गरिएका सिट सङ्ख्या र निर्धारित सिटमा भर्ना भएका विद्यार्थी सङ्ख्याको विवरण अनुसूची ४ मा समावेश गरिएको छ।

४.२.२ शुल्क निर्धारणः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ परिभाषा खण्डको खण्ड (थ) मा "शिक्षण शुल्क" भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनु पर्छ र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ भनी परिभाषित गरिएको छ ।

चिकित्सा शिक्षामा स्नातक र स्नातकोत्तर तहका कार्यक्रमका लागि लिइने शुल्कसम्बन्धी व्यवस्था सम्बन्धमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि,

(१) चिकित्सा शिक्षाका स्नातक कार्यक्रमका लागि लिइने शुल्क सम्बन्धमा देहायबमोजिम हुने छः-

(क) विश्वविद्यालय, प्रतिष्ठान वा शिक्षण संस्थाको लागत तथा सञ्चालन खर्च, मुद्रास्फीति, भौगोलिक अवस्थिति, छात्रवृत्ति तथा निःशुल्क सेवासमेतलाई दृष्टिगत गरी विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थासँग परामर्श गरी आयोगले शुल्क निर्धारण गर्ने छ ।

(ख) विद्यार्थीबाट लिइने एक तिहाई रकम पहिलो वर्षमा र बाँकी रकम वार्षिक रूपमा किस्ताबन्दीमा लिइने छ ।

(ग) विद्यार्थीले पहिलो वर्षको शुल्क सम्बन्धित विश्वविद्यालयमार्फत् बझाउनु पर्ने छ ।

(२) चिकित्सा शिक्षामा स्नातकोत्तर कार्यक्रमका लागि लिइने शुल्कसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छः-

(क) सार्वजनिक शिक्षण संस्थाबाहेक अन्य शैक्षिक संस्थाको हकमा आयोगले सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थासँग परामर्श गरी शुल्क निर्धारण गर्ने छ ।

(ख) सार्वजनिक शिक्षण संस्थामा आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) अध्ययन गर्दा नेपाली विद्यार्थीलाई शिक्षण शुल्क लिइने छैन र त्यस्ता विद्यार्थीलाई समुचित निर्वाह भत्ता सम्बन्धित शिक्षण संस्थाले उपलब्ध गराउने छ ।

(ग) सम्बन्धित शिक्षण संस्थाअन्तर्गत अध्ययनका लागि नर्सिङ, आयुर्वेदलगायत अन्य चिकित्सा शिक्षा विधाका विषयहरूमा लिइने शुल्कसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पश्चात् सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा क्षेत्रको स्नातकोत्तर तह नेपाली विद्यार्थीको लागि निःशुल्क हुने छ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विद्यार्थीको हकमा आयोगले निर्धारण गरेको मापदण्डको आधारमा सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठान आफैंले शुल्क निर्धारण गर्ने छ ।

(५) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा विदेशी विद्यार्थी भर्ना नभई नेपाली विद्यार्थीलाई भर्ना गर्दा नेपाली विद्यार्थीको लागि निर्धारण गरिएको शिक्षण शुल्क लिनु पर्ने छ ।

(६) नेपाली विद्यार्थी भर्ना हुन नआएमा आयोगको अनुमति लिई त्यस्तो सिटमा विदेशी विद्यार्थीलाई भर्ना गर्न सकिने छ ।

सोही ऐनको दफा १७ को उपदफा (४), (७) र (८) मा शुल्कसँग अन्तरसम्बन्धित देहायको व्यवस्था रहेकोः

(४) स्वदेशी लगानीबाट सञ्चालित कलेजहरूले कुल सिट सङ्ख्याको कम्तीमा दस प्रतिशत र नेपाली र विदेशीको संयुक्त लगानी वा विदेशीको लगानीमा सञ्चालित शिक्षण संस्थाले कुल

सिट सङ्ख्याको कम्तीमा बिस प्रतिशत सिट निःशुल्क छात्रवृत्तिका रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने छ ।

(७) सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट सङ्ख्याको कम्तीमा पचहत्तर प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने छ र आयोगको परामर्शमा त्यस्तो सिट क्रमशः वृद्धि गर्दै लैजान सकिने छ ।

(८) उपदफा (७) बमोजिम निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान प्रदान गर्नेछ ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २३ मा शुल्क निर्धारण सम्बन्धमा देहायका व्यवस्था रहेको छः

आयोगले समितिको सिफारिसमा चिकित्सा शिक्षाका सबै विधा र कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण गर्ने छ ।

ऐनको दफा १८ को उपदफा (२) को खण्ड (ग) बमोजिम नर्सिङ, आयुर्वेदलगायत अन्य चिकित्सा शिक्षा विधाका विषयहरूमा लिइने शुल्क सम्बन्धित शिक्षण संस्थाको परामर्शमा आयोगले निर्धारण गरेबमोजिम हुने छ भन्ने व्यवस्था रहेअनुसार आयोगले यस प्रावधानअनुसार सम्पादन गरेका कार्यहरू यस प्रकार रहेका छन्:

(क) नयाँ शैक्षिक कार्यक्रमका रूपमा मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमलाई राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची-८ मा समावेश गरी मिति २०८२/०२/२९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको र उक्त कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण हुन बाँकी रहेको हुँदा उक्त मास्टर इन मेडिकल फिजिक्स कार्यक्रमको प्रकृतिसँग मिल्दो रहेको एमएस्सी एमआइटी कार्यक्रममा निर्धारित शुल्क सरह रू. ७,५७,८३०।- शुल्क कायम ।

(ख) शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत ।

चिकित्सा शिक्षा आयोगबाट शैक्षिक सत्र २०७८/७९ मा निर्धारण भएको देहायको कार्यक्रमगत शिक्षण शुल्क हालसम्म कायम रहेको छ ।

तालिका ७: स्नातक तहको शैक्षिक कार्यक्रमका लागि निर्धारित शुल्कको विवरणः

क्र.स.	कार्यक्रम	निर्धारित शुल्क
१.	MBBS (उपत्यकाभित्र)	४१,६८,०९०
	MBBS (उपत्यका बाहिर)	४५,९५,७२०
२.	BDS	२०,९२,२९०
३.	BSc Nursing	१०,३६,०००
४.	BPT	७,७७,०००
५.	B.Sc. MIT	७,७७,०००
६.	B.Sc. MLT	७,७७,०००
७.	B. Medical Microbiology	७,७७,०००
८.	B. Medical Biochemistry	७,७७,०००
९.	BAMS	११,३१,९३०
१०.	BNS/BMS	५,१८,०००
११.	B. Pharmacy	७,७७,०००
१२.	Pharm D	६,७३,४००
१३.	BPH	७,७७,०००
१४.	B. Optometry	७,७७,०००
१५.	B. Perfusion Technology	७,७७,०००
१६.	BASLP	७,७७,०००

तालिका ८: स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमका लागि निर्धारित शुल्कको विवरणः

क्र.स.	कार्यक्रम	निर्धारित शुल्क
१.	M.Sc. Medical Microbiology	७,५७,८३०
२.	M.Sc. Medical Biochemistry	७,५७,८३०
३.	M.Sc. MIT	७,५७,८३०
४.	M.Sc. MLT	७,५७,८३०
५.	MD Pediatrics	२३,८१,७६०
६.	MD Anesthesiology	२३,८१,७६०

क्र.स.	कार्यक्रम	निर्धारित शुल्क
७.	MD Biochemistry / Clinical Biochemistry	२३,८१,७६०
८.	MD Community Medicine	१०,८५,८७०
९.	MD Dermatology	२३,८१,७६०
१०.	MD Forensic Medicine	१०,८५,८७०
११.	MD General Practice and Emergency Medicine	२३,८१,७६०
१२.	MD Internal Medicine	२३,८१,७६०
१३.	MD Microbiology/Clinical Microbiology	१०,८५,८७०
१४.	MD Pathology/Clinical Pathology	२३,८१,७६०
१५.	MD Pharmacology/Clinical Pharmacology	१०,८५,८७०
१६.	MD Physiology/Clinical Physiology	१०,८५,८७०
१७.	MD Psychiatry	२३,८१,७६०
१८.	MD Radiation Oncology	२३,८१,७६०
१९.	MD Radiodiagnosis/Radiology	२३,८१,७६०
२०.	MD/MS Obstetrics and Gynecology	२३,८१,७६०
२१.	MD/MS Ophthalmology	२३,८१,७६०
२२.	MD/MS Otorhinolaryngology (ENT)	२३,८१,७६०
२३.	MDS Orthodontics and dentofacial Orthopedics	२३,८१,७६०
२४.	MDS Oral Pathology	२३,८१,७६०
२५.	MDS Periodontology and Oral implantology	२३,८१,७६०
२६.	MDS Prosthodontics	२३,८१,७६०
२७.	MDS Oral and Maxillofacial Surgery	२३,८१,७६०
२८.	MDS Conservative Dentistry and Endodontics	२३,८१,७६०
२९.	MDS Pedodontics and Preventive Dentistry	२३,८१,७६०
३०.	MDS Oral Medicine and radiology	२३,८१,७६०
३१.	MDS Public health Dentistry	२३,८१,७६०
३२.	MS Anatomy/Clinical Anatomy	१०,८५,८७०
३३.	MS General Surgery	२३,८१,७६०
३४.	MS Orthopedics/Orthopedics and Trauma Surgery	२३,८१,७६०
३५.	MD Ayurveda	९,५७,६४०
३६.	MN/MSc Nursing	९,२०,२३०
३७.	MPH	९,२०,२३०
३८.	M Pharmacy	५,१९,६६०

क्र.स.	कार्यक्रम	निर्धारित शुल्क
३९.	Master of Physiotherapy (MPT)	९,२०,२३०
४०.	Master of Optometry (M Optometry)	९,२०,२३०
४१.	MD, Hospital Administration	१०,८५,८७०
४२.	Master in Medical Physics	७,५७,८३०

तालिका ९: स्नातकोत्तर तहभन्दा माथिका तहको शैक्षिक कार्यक्रमका लागि निर्धारित शुल्कको विवरणः

क्र.स.	कार्यक्रम	निर्धारित शुल्क
१.	M. Phil. Clinical Psychology	३,०४,२२०
२.	DM/MCh	२५,९०,०००

४.२.३ निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापतको अनुदान निकासाः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (७) मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान प्रदान गर्ने प्रावधान रहेको छ । यसैगरी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ४३ मा सार्वजनिक शिक्षण संस्थाले छात्रवृत्तिमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न यस आयोगद्वारा चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदानसम्बन्धी कार्यविधि, २०८३ जारी भई कार्यान्वयनमा रहेको छ । यस कार्यविधिअनुसार स्नातक तहका कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक शिक्षण संस्थाहरूलाई निःशुल्क छात्रवृत्ति सिटमा भर्ना भई अध्ययनरत विद्यार्थीको सङ्ख्याका आधारमा सम्बन्धित कार्यक्रममा निर्धारण भएको शुल्क बराबरको अनुदान रकम उपलब्ध गराउने अभ्यास रहेको छ ।

स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहको कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक शिक्षण संस्थाका हकमा सबै विद्यार्थीको लागि सञ्चालन खर्च र आवासीय चिकित्सकहरूको लागि निर्वाह भत्ता उपलब्ध गराइएको छ । यस प्रकारका शिक्षण संस्थालाई सञ्चालन खर्च उपलब्ध गराउँदा विनियोजित

बजेटको सीमाभित्र रही सम्बन्धित कार्यक्रमका लागि निर्धारित शुल्कको अधिकतम पचास प्रतिशतले हुन आउने रकमका अनुपातमा सञ्चालन खर्च बापतको अनुदान प्रदान गरिएको छ ।

निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापत सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान प्रदान गर्ने सन्दर्भमा सार्वजनिक शिक्षण संस्थामा सञ्चालित चिकित्सा शिक्षाको स्नातक, स्नातकोत्तर तथा डिएम,एमसिएच तहको शैक्षिक कार्यक्रममा विभिन्न भर्ना वर्षमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गराएवापत सम्बन्धित शिक्षण संस्थालाई आर्थिक वर्ष २०८२/८३ मा उपलब्ध गराउनु पर्ने रकम रू. ३ अर्ब ६७ करोड ४ लाख ५३ हजार ५१५ रूपैंया अनुदान रकम निकासा गरिसकिएको छ ।

तहगत र शिक्षण संस्थागत रुपमा उपलब्ध गराइएको अनुदान रकमसम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा समावेश गरिएको छ ।

४.२.४ राष्ट्रिय पाठ्यक्रम प्रारूप विकासः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १९ मा विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाको पाठ्यक्रम, शिक्षण विधि र उपाधिको मापदण्ड चिकित्सा शिक्षा आयोगले निर्धारण गरेबमोजिम हुने प्रावधान रहेको छ । यस प्रावधानबमोजिम विकास गरिने पाठ्यक्रममा चिकित्सा शिक्षासम्बन्धी सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यावहारिक सिपको विकास, मानवीय संवेदनशीलता, सञ्चार सिप, व्यावसायिकता, सामाजिक जवाफदेहिता, सदाचार र नेतृत्वदायी क्षमता विकाससम्बन्धी विषयवस्तु समावेश हुने अपेक्षा गरिएको छ । यसअनुरुप आयोगले विगतमा स्नातक तहका कार्यक्रमहरूको पाठ्यक्रम प्रारूप विकास गरी कार्यान्वयनमा ल्याएको छ । स्नातकोत्तर तहको राष्ट्रिय प्रारूप विकासका लागि आर्थिक वर्ष २०८१/८२ मा आयोगको कार्यकारी समितिबाट राष्ट्रिय पाठ्यक्रम प्रारूप समन्वय तथा सम्पादन समिति, पाठ्यक्रम प्रारुप सम्पादन उपसमिति तथा विषयगत कार्यदल गठन भएकोमा २२ वटा विषयगत कार्यदलले मात्र पाठ्यक्रम प्रारूपको मस्यौदा तयार गरी आयोगमा पेस गरेकाले ती कार्यदलको समयावधि आ .व. २०८२/८३ को असार मसान्तसम्म थप गरिएको थियो ।

उल्लिखित विषयगत कार्यदलहरूमध्ये हालसम्म कुल ४१ ओटा विषयका विषयगत कार्यदलबाट तयार भएको पाठ्यक्रम प्रारुपको मस्यौदा पाठ्यक्रम प्रारुप सम्पादन उपसमितिसमक्ष पेस भई आवश्यक संशोधन गरिएको छ । सम्पादन उपसमितिमा छलफल भई परिमार्जन गरिएका पाठ्यक्रम प्रारुपहरु मध्ये डेन्टल र नर्सिङ विषयका प्रारूपलाई विभिन्न विश्वविद्यालय प्रतिष्ठान एवम्

शिक्षण संस्थाका सम्बन्धित विषयका विज्ञहरु समेतको उपस्थितिमा एक/एक दिने कार्यशाला सञ्चालन गरियो ।कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणसमेतका आधारमा उल्लिखित विषयका पाठ्यक्रम प्रारूपलाई अद्यावधिक गरिएको छ ।

४.२.५ राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आकलन, प्रक्षेपण तथा आपूर्तिको योजनाः

आयोगलाई राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीले जनशक्तिको आकलन, उत्पादन र सेवा प्रवाह बिच सन्तुलन कायम गर्ने जिम्मेवारी दिएको छ । गुणस्तरीय जनशक्तिको उत्पादन, उनीहरूको प्रभावकारी वितरण, परिचालन, निरन्तर पेसागत विकास, उचित प्रोत्साहन र व्यवस्थापनमार्फत् गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु यसको मुख्य लक्ष्य हो । यसै सन्दर्भमा आयोगले नेपालमा स्वास्थ्य जनशक्ति प्रक्षेपण (२०७९-२०८७) जारी गरेको थियो ।

नेपालको स्वास्थ्य प्रणालीले जनसङ्ख्याको बदलिंदो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्षम छ भनी सुनिश्चित गर्न स्वास्थ्यकर्मी प्रक्षेपणलाई अद्यावधिक गर्नु आवश्यक छ । नयाँ तथ्याङ्क, पछिल्ला नीतिहरू, सङ्घीय शासन प्रणाली र स्वास्थ्य सेवा प्रवाहका मोडलहरू समेतलाई समेटेर गरिने अद्यावधिक प्रक्षेपणले स्वास्थ्यकर्मी व्यवस्थापनमा प्रमाणमा आधारित नीति निर्माणलाई सहयोग गर्ने अपेक्षाका साथ आयोगले नेपालमा स्वास्थ्य जनशक्ति प्रक्षेपण (HRH Projection) योजना अध्यावधिक गर्नका लागि सोसम्बन्धी अवधारणापत्र तयार गरिसकेको छ । तयार भएको अवधारणा अनुसार स्वास्थ्य जनशक्ति प्रक्षेपण (HRH Projection) का लागि संघ प्रदेश र स्थानीय तह मातहतका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा रहेको तथ्याङ्क संकलन प्रशोधन विश्लेषण सहितको प्रतिवेदन तयारी सम्बन्धमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षा विकास तथा अनुसन्धान केन्द्र (Research Centre for Educational Innovation and Development- CERID) सँग विभिन्न चरणमा छलफल भएको थियो।

४.२.५ अध्ययन अनुसन्धानः

चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र, छात्रवृत्ति प्रबन्ध, शुल्क निर्धारण र कार्य सञ्चालन प्रणालीका मामलामा विस्तृत अध्ययनका लागि आयोग र नीति अनुसन्धान प्रतिष्ठानबिच भएको सम्झौताअनुरूप नीति अनुसन्धान प्रतिष्ठानले उक्त कार्य सम्पन्न गरी आयोग समक्ष आफ्नो प्रतिवेदन पेस गरेको छ।

४.२.६ चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वयः

राष्ट्रिय चिकित्सा ऐन, २०७५ ले आयोगलाई तोकेको जिम्मेवारी पूरा गर्ने क्रममा हरेक वर्ष आयोगले सम्बन्धित विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ । यसै क्रममा गत आर्थिक वर्ष शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायतका विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, विभिन्न विश्वविद्यालय प्रतिष्ठान र अन्य शिक्षण संस्थाहरूका प्रतिनिधिहरू, नेपाल मेडिकल काउन्सिल, फार्मेसी काउन्सिल, नेपाल नर्सिङ काउन्सिललगायतका विभिन्न काउन्सिलहरू, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ परिषद्लगायतका परिषद्हरू एवम् चिकित्सा शिक्षासम्बन्धी विज्ञहरूसँग समन्वय र सहकार्यका लागि विभिन्न चरणमा समन्वय बैठक सञ्चालन गरी आवश्यक सल्लाह सुझाव सङ्कलन गरिएको र प्राप्त भएका राय सुझाबका आधारमा आयोगले आफ्नो नियमित कार्यलाई थप व्यवस्थित गर्दै आएको छ ।

४.२.७ चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धनसम्बन्धी कार्यः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९ को खण्ड (छ) मा चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने क्षेत्राधिकार सो समितिलाई तोकिएको छ । यस आयोगबाट चिकित्सा शिक्षाको राष्ट्रिय नीति तथा सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण, शिक्षण संस्थाको स्थापना तथा सञ्चालन, शैक्षिक गुणस्तर अभिवृद्धि, गुणस्तर प्रत्यायन तथा स्तर निर्धारण, शैक्षिक कार्यक्रमहरूको गुणस्तर सुधार, अध्ययन, अनुसन्धान तथा प्राज्ञिक उन्नयन, जनशक्तिको आवधिक प्रक्षेपण, शैक्षिक कार्यक्रमहरूको सञ्चालन, व्यवस्थापन तथा उपाधि, छात्रवृत्ति तथा अनुदान, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतका कार्यक्रम सञ्चालन, सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्नेलगायतका क्षेत्रमा कार्य सम्पादन हुँदै आएको ।

चिकित्सा शिक्षा आयोगका काम कारवाहीहरूलाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउने सन्दर्भमा चिकित्सा शिक्षाको क्षेत्रमा विश्वस्तरीय प्रविधि, नवीनतम ज्ञान, सिप र

अनुसन्धानका उपलब्धिहरूलाई राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा लागु गर्न तथा स्रोत साधनको आदानप्रदान, विशेषज्ञताको उपयोग र नवीन दृष्टिकोणहरूको आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समन्वय तथा सहकार्य गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएको सन्दर्भमा यस आयोगबाट "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समन्वय र सहकार्य गर्नेसम्बन्धी अवधारणापत्र" स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

४.२.८ चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कार्य :

चिकित्सा शिक्षा व्यवस्थापन सूचना प्रणाली (Medical Education Management Information System-MEMIS) चिकित्सा शिक्षासम्बन्धी सम्पूर्ण तथ्याङ्कलाई एकै स्थानमा डिजिटलाइज्ड गर्ने उद्देश्यका साथ विकसित गरिएको केन्द्रीय अनलाइन प्रणाली हो । प्रणालीले चिकित्सा शिक्षासँग सम्बन्धित सम्पूर्ण पक्ष; शिक्षण संस्थाको भौतिक पूर्वाधार, शैक्षिक पूर्वाधार, प्राज्ञिक पूर्वाधार, शिक्षण अस्पतालसम्बन्धी सम्पूर्ण अध्यावधिक सूचना, विद्यार्थीसँग सम्बन्धित अध्यावधिक सूचना, शैक्षिक कार्यक्रमको सिट तथा शुल्क, पाठ्यक्रमको जानकारी, परीक्षा सञ्चालन र नतिजा प्रकाशनलाई अनलाइन माध्यमबाट व्यवस्थित गर्दछ । यस प्रणालीले चिकित्सा शिक्षाको व्यवस्थापनमा पारदर्शिता, दक्षता र विश्वसनीयता बढाउने, कागजी कार्यको झन्झट घटाउनुका साथै सूचनामा सहज पहुँच प्रदान गर्दै आयोगलाई नीति निर्माण, नियमन र चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धिमा आवश्यक अद्यावधिक तथ्य उपलब्ध गराएर सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

आयोगको MEMIS प्रणालीमा निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापतको सार्वजनिक शिक्षण संस्थाहरूलाई प्रदान गरिने अनुदान रकमको माग फाराम, अनुदान गणना तथा निकासाको अनलाइन मोड्युल थप गरी अनुदान निकासासम्बन्धी व्यवस्थालाई थप सहज र सुदृढ गरिएको छ ।आ. व. २०८२/८३ को प्रारम्भ देखि नै सोही प्रणालीमार्फत् शिक्षण संस्थाले पेस गरेको माग फारामलाई रूजु गरी अनुदान रकम निकासा गर्न शुरु गरिएको छ ।

चिकित्सा शिक्षा व्यवस्थापन सूचना प्रणाली (MEMIS) लाई अझ बढी सूचनामूलक र उपयोगी बनाउने प्रयोजनका लागि सार्वजनिक शिक्षण संस्थाका MEMIS Focal Person र लेखा हेर्ने कर्मचारीहरुलाई सहभागी गराई चितवनको भरतपुरमा तीन दिने अभिमुखीकरण कार्यशाला सम्पन्न गरिएको थियो ।

४.२.९ वार्षिक शैक्षिक क्यालेन्डर निर्माणः

आयोग, विश्वविद्यालय तथा प्रतिष्ठानहरू र अन्य शिक्षण संस्थाबाट सम्पादन हुने शैक्षिक गतिविधिहरूमा एकरूपता कायम गरी उक्त निकायद्वारा सम्पादन गरिने कार्यहरूलाई एकीकृत, व्यवस्थित र अनुमानयोग्य बनाउने उद्देश्यले आयोगले शैक्षिक सत्र २०८३/८४ (Academic year 2026/27) का लागि विश्वविद्यालय तथा प्रतिष्ठान, राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लगायतका निकायहरूसँग समन्वय गरी वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । शैक्षिक सत्र २०८३/८४ (Academic year 2026/27) का लागि स्वीकृत गरिएको वार्षिक शैक्षिक क्यालेन्डर अनुसूची ६ मा समावेश गरिएको छ ।

४.२.१० विद्यार्थी सत्यापनः

चिकित्सा शिक्षाको विभिन्न तह र विधामा अध्ययनका लागि सिफारिस गर्न आयोगले तहगत रूपमा हरेक वर्ष एकीकृत प्रवेश सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ । एकीकृत प्रवेश परीक्षाको नतिजाको आधारमा आयोगबाट विभिन्न विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाहरूमा निःशुल्क वा सशुल्क अध्ययनका लागि सिफारिस भएका विद्यार्थीहरूको अध्ययनको निरन्तरता रहे नरहेको पत्ता लगाउने, आयोगको सिफारिसमा भर्ना भई उत्तीर्ण गरेका (तहगत र विषयगत रूपमा) विद्यार्थीहरूको विवरण सङ्कलन गर्ने, निःशुल्क अध्ययनका लागि सिफारिस भएका विद्यार्थीहरूले बिचैमा अध्ययन छाडेको भए आयोगबाट सार्वजनिक शिक्षण संस्थालाई उपलब्ध गराउनु पर्ने अनुदान रोक्का गर्ने र आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने प्रयोजनका लागि हरेक वर्ष विद्यार्थी सत्यापन कार्य सञ्चालन गर्दै आएको छ । यसै क्रममा आ. व. २०८२/८३ मा कुल ९३ ओटा शिक्षण संस्थाहरूको स्थलगत अनुगमनका लागि अनुगमन टोली खटाई ४८,४,१२ विद्यार्थीको सत्यापन गर्ने कार्य सम्पन्न भएको छ ।

४.२.११ बिगो तथा जरिवाना निर्धारण र असुली :

निःशुल्क छात्रवृत्ति सिटमा चिकित्सा शिक्षाको विभिन्न तह र विधामा अध्ययनका लागि भर्ना भई विचैमा अध्ययन छाडेका २१० जना विद्यार्थीहरूलाई आवश्यक कारवाहीका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरिएकोमा मन्त्रालयबाट त्यस्ता विद्यार्थीहरूलाई कूल ६ करोड ४९ लाख ७३ हजार ७ सय १ रूपैंया विगो तथा जरिबाना कायम गरी असुल उपर गर्ने निर्णय भएको

र प्रतिवेदन अवधिमा २६ जना विद्यार्थीहरूले जम्मा रू. ६० लाख ५ हजार ९ सय ३४ रूपैंया विगो तथा जरिबाना रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गरेका छन्।

निःशुल्क छात्रवृत्ति सिटमा चिकित्सा शिक्षाको विभिन्न तह र विधामा अध्ययनका लागि भर्ना भई अध्ययन पूरा गरेका तर अध्ययन पश्चात् न्यूनतम तोकिएको अवधिसम्म सेवा गर्न नचाहेका ५ जना विद्यार्थीहरूबाट कानुनबमोजिम सम्बन्धित शैक्षिक कार्यक्रमका लागि निर्धारित शुल्कको दोब्बर रकम जरिवाना कायम गरी जम्मा ८७ लाख ४२ हजार रूपैंया जरिबाना असुल उपर गरी नेपाल सरकारको राजश्व खातामा जम्मा गराइएको छ।

४.२.१२ बेरूजुको स्थिति

आर्थिक वर्ष २०८१।८२ सम्म आयोगमा जम्मा ३२ लाख ३० हजार रूपैंया बेरूजु फर्स्यौंट गर्न बाँकी रहेकोमा प्रतिवेदन अवधिमा २६ लाख ९९ हजार रूपैंया बेरूजु फछर्यौंट भई हाल ५ लाख ८१ हजार रूपैंया बेरूजु बाँकी रहेको छ ।

४.२.१३ आयोगको वार्षिक प्रतिवेदनः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५१(१) मा आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र त्यस्तो वर्ष भरिमा आफूले सम्पादन गरेको काम कारवाहीको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेस गर्नुपर्ने छ भन्ने प्रावधानअनुसार चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०८१/८२ को अवधिमा सम्पादन गरेका कार्यहरूको विवरणसहितको सातौं वार्षिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारसमक्ष पेस गरिएको थियो ।

४.२.१४ आयोगको वार्षिक कार्यक्रम तथा बजेटसम्बन्धी कार्यः

आयोगको आन्तरिक स्रोततर्फ आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म बचत रहेको नगद मौज्दात रू. ९९ करोड ८५ लाख ९६ हजार मध्येबाट विस्तृत क्रियाकलापसहितको बजेट तथा कार्यक्रम कार्यकारी समितिबाट स्वीकृत हुने गरी आर्थिक वर्ष २०८३/८४ का लागि देहायका खर्च शीर्षकगत रूपमा प्रस्तावित चालुतर्फ रू. ४७,४२,९८,०००।- र पूँजीगततर्फ रू. ८,६२,००,०००।- गरी कुल रू. ५६,०४,९८,०००।- बजेट प्रस्ताव भएको थियो ।

तालिका १०: आर्थिक वर्ष २०८३/८४ मा आयोगको खर्च शीर्षकगत रूपमा हुने अनुमानित व्ययको विवरण

क्र.सं.	खर्च शीर्षक नं	क्रियाकलाप	बजेट (रु. हजारमा)
चालुतर्फ			
१.	२११३४	कर्मचारी बैठक भत्ता	८००
२.	२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१००
३.	२११३९	अन्य भत्ता	३००
४.	२११४१	पदाधिकारी बैठक भत्ता	२२००
५.	२११४२	पदाधिकारी अन्य सुविधा	५००
६.	२२१११	पानी तथा विजुली	१५५०
७.	२२११२	सञ्चार महशुल	२७००
८.	२२२११	इन्धन (पदाधिकारी)	६००
९.	२२२१२	इन्धन (कार्यालय प्रयोजन)	२९००
१०.	२२२१३	सवारी साधन मर्मत खर्च	४०००
११.	२२२१४	बीमा शुल्क र नवीकरण खर्च	६००
१२.	२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१७००
१३.	२२२३१	निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च	४०००
१४.	२२२९१	अन्य सम्पत्तिहरूको सञ्चालन तथा संभार खर्च	७००
१५.	२२३११	मसलन्द तथा कार्यालय सामग्री	७५००
१६.	२२३१३	पुस्तक तथा सामग्री खर्च	५००
१७.	२२३१४	इन्धन - अन्य प्रयोजन	५००
१८.	२२३१५	पत्रपत्रिका, सामाग्रीहरुको छपाइ तथा सूचना प्रकाशन खर्च	२५००
१९.	२२४११	सेवा र परामर्श खर्च	११९००
२०.	२२४१३	करार सेवा शुल्क	७७००
२१.	२२५११	कर्मचारी तालिम खर्च	३०००

क्र.सं.	खर्च शीर्षक नं	क्रियाकलाप	बजेट (रु. हजारमा)
२२.	२२५२२	कार्यक्रम खर्च	३९१३४८
२३.	२२६११	अनुगमन, मूल्यांकन खर्च	२५००
२४.	२२६१२	भ्रमण खर्च	५०००
२५.	२२६१९	अन्य भ्रमण खर्च	१०००
२६.	२२७११	विविध खर्च	२७००
२७.	२६२११	अन्तर्राष्ट्रिय सदस्यता शुल्क र सहयोग	२०००
२८.	२८१४३	सवारी साधन तथा मेशिनरी औजार भाडा	३५००
२९.	२८२१९	अन्य फिर्ता	१००००
चालुतर्फ जम्मा			४७४२९८
पूँजीगततर्फ			
३०	३११२१	सवारी साधन	८००
३१	३११२२	मेशिनरी तथा औजार	५७५००
३२	३११२३	फर्निचर तथा फिक्चर्स	५६००
३३	३११३४	कम्प्युटर सफ्टवेर निर्माण तथा खरिद खर्च	८८००
३४	३११५८	आयोग परिसरको ढल लगायत सरसफाइ संरचनाको निर्माण	१०००
३५	३११५९	अन्य सार्वजनिक निर्माण	१२५००
पूँजीगततर्फको जम्मा			८६२००
चालु र पूँजीगततर्फ दुवैको जम्मा			५६०४९८

४.२.१२ कार्यक्रम कार्यान्वयन कार्यविधिः

आ.व. २०८२/८३ मा चिकित्सा शिक्षा आयोगका लागि नेपाल सरकारबाट विनियोजित तथा आयोगको आन्तरिक स्रोततर्फ स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनलाई थप व्यवस्थित, प्रभावकारी एवम् नतिजामुखी बनाउन आ. व. २०८२/८३ को कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी कार्यान्वयन गरिएको थियो ।

परिच्छेद- पाँच

मापदण्ड तथा प्रत्यायन निर्देशनालय

यस निर्देशनालयले शिक्षण संस्थाको स्थापना र शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधार, शिक्षकको योग्यता, शिक्षण विधि र प्रविधिको मापदण्ड निर्धारण गर्दछ । यसका साथै, निर्देशनालयले चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनका लागि मापदण्ड तयार गर्ने, शिक्षण संस्थाको विज्ञद्वारा अनुगमन गराउने, विश्वविद्यालय तथा प्रतिष्ठानका शैक्षिक कार्यक्रमको प्रत्यायन (Accreditation) गर्ने, र विदेशमा उच्चस्तरीय तालिमका लागि जाने व्यक्तिलाई अध्ययन अनुमतिपत्र (Eligibility letter) दिनेलगायतका कार्यहरू सम्पादन गर्दछ । चिकित्सा शिक्षासम्बन्धी मापदण्डको विकास, नियमन र प्रत्यायनको जिम्मेवारी वहन गरी समग्र चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न यस यस निर्देशनालयको महत्त्वपूर्ण भूमिका रहेको छ ।

५.१ काम, कर्तव्य र अधिकारः राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार मापदण्ड तथा प्रत्यायन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेको छः

(क) शिक्षण संस्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने,

(ख) शिक्षकको योग्यतासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने,

(ग) शिक्षण विधि र प्रविधिसम्बन्धी कार्य गर्ने,

(घ) चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनको मापदण्ड तयार गर्ने,

(ङ) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका कार्यक्रमको प्रत्यायनसम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षा क्षेत्रका संस्था, पाठ्यक्रम, गुणस्तरलगायतको मापदण्ड तयार गर्ने,

(छ) विदेशमा अध्ययन तथा फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

५.२ सम्पादित कार्यहरूको विवरणः

५.२.१ न्यूनतम/प्रत्यायन मापदण्ड (Minimum/Accreditation Standards):

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (ख) मा "संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने" व्यवस्था रहेको छ । चिकित्सा शिक्षातर्फका विश्वविद्यालय, प्रतिष्ठानहरूका शैक्षिक कार्यक्रम न्यूनतम मापदण्ड निर्धारण गर्ने तथा प्रत्यायन गर्ने प्रयोजनका लागि मापदण्डसहितको कार्यविधिको अङ्गका रूपमा स्नातक तहका एबिबिएस, बिडिएसलगायत देहायका चौध ओटा शैक्षिक कार्यक्रमहरूको न्यूनतम प्रत्यायन मापदण्ड आ.व. २०८१/८२ मा स्वीकृत भइसकेको छ । कार्यक्रमगत रूपमा जारी भएका न्यूनतम प्रत्यायन मापदण्डहरूले सम्बन्धित कार्यक्रममा विद्यार्थी भर्नाका लागि देहायको न्यूनतम तथा अधिकतम सिट सङ्ख्याको सीमाहरू निर्धारण गरी सो सिट सङ्ख्याका लागि आवश्यक भौतिक, शैक्षिक र प्राज्ञिक पूर्वाधारहरू र अस्पताल आवश्यक हुने कार्यक्रमका लागि तोकिएको शैया, डिपार्टमेन्ट र बिरामी भर्ना दरसहितको शिक्षण अस्पतालसम्बन्धी मापदण्ड निर्धारण गरेको छ ।

तालिका ११: आयोगबाट स्वीकृत भएका न्यूनतम मापदण्डहरूको विवरण

S.N.	Minimum/Accreditation Standards	Maximum number of student intake
1.	Minimum/Accreditation Standards for MBBS (Bachelor of Medicine and Bachelor of Surgery) Program, 2024	50/75/100/150
2.	Minimum/Accreditation Standards for BDS (Bachelor of Dental Surgery) Program, 2024	50/75
3.	Minimum/Accreditation Standards for Bachelor in Audiology and Speech Language Pathology (BASLP), 2024	10
4.	Minimum/Accreditation Standards for Bachelor in Perfusion Technology, 2024	10
5.	Minimum/Accreditation Standards for Bachelor of Ayurveda Medicine and Surgery (BAMS) Program, 2024	40
6.	Minimum/Accreditation Standards for Bachelor of Pharmacy Program, 2024	40/60
7.	Minimum/Accreditation Standards for Bachelor of Optometry Program, 2024	40
8.	Minimum/Accreditation Standards for Bachelor of Nursing Program, 2024	40

S.N.	Minimum/Accreditation Standards	Maximum number of student intake
9.	Minimum/Accreditation Standards for Bachelor of Science in Medical Lab Technology (BMLT), 2024	20
10.	Minimum/Accreditation Standards for B.Sc. Nursing, 2024	20/40/60
11.	Minimum/Accreditation Standards for Bachelor of Physiotherapy (BPT) Program, 2024	20/40
12.	Minimum/Accreditation Standards for bachelor's in public health (BPH) Program, 2024	40
13.	Minimum/Accreditation Standards for Bachelor of Science in Medical Imaging Technology (B.Sc. MIT) Program, 2024	10
14.	Minimum/Accreditation Standards for Bachelor of Midwifery Program, 2024	30

चिकित्सा शिक्षातर्फका विश्वविद्यालय, प्रतिष्ठानका शैक्षिक कार्यक्रमको न्यूनतम मापदण्ड निर्धारण गर्ने तथा प्रत्यायन गर्ने प्रयोजनका लागि मापदण्डसहितको कार्यविधिको अङ्गका रूपमा स्नातक तहका देहायका सात ओटा शैक्षिक कार्यक्रमहरूको न्यूनतम मापदण्डको मस्यौदा तयार गरिएको छ ।

तालिका १२: मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेका न्यूनतम मापदण्डहरू

S.N.	Minimum/Accreditation Standards
1.	Minimum/Accreditation Standards for B.Sc. Midwifery Program, 2026
2.	Minimum/Accreditation Standards for B.Sc. Clinical Psychology Program, 2026
3.	Minimum/Accreditation Standards for B.Sc. Radiotherapy Technology Program, 2026
4.	Minimum/Accreditation Standards for B.Sc. Medical Biochemistry Program, 2026
5.	Minimum/Accreditation Standards for B.Sc. Medical Microbiology Program, 2026
6.	Minimum/Accreditation Standards for Bachelor in Sowa Rigpa Medicine and Surgery Program, 2026
7.	Minimum/Accreditation Standards for Bachelor of Naturopathy and yogic Science (BNYS) Midwifery Program, 2026

५.२.२ वैदेशिक अध्ययनका लागि अनुमतिपत्र (Eligibility Letter):

आ. व. २०८२/८३ मा वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) लिनेको विषयगत/क्षेत्रगत सङ्ख्यात्मक विवरण निम्नानुसार रहेको छः

तालिका १३: आ.व. २०८२/८३ मा जारी भएको वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) सम्बन्धी विवरण

क्र.स.	विषय क्षेत्र	स्नातक	स्नातकोत्तर	डिएम, एमसिएच	फेलोसिप	पिएचडी	जम्मा
१.	मेडिकल र डेण्टलतर्फ	५१०	१७३	२३	४६	२	७५४
२.	एलाइड हेल्थ साइन्सतर्फ	३२८	९९	-	५	११	४४३
३.	नर्सिङतर्फ	९४५	१६	-	५	१०	९७६
४.	फार्मेसीतर्फ	४१	२७	-	०	२	७०
५.	आयुर्वेदतर्फ	२	९	-	०	०	११
जम्मा		१८२६	३२४	२३	५६	२५	२२५४

माथिको तालिकाबमोजिम आ. व. २०८२/८३ मा वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) लिनेका लागि अनुमति पाऊँ भनी अनलाइन निवेदन दिएका मध्ये स्नातक तहमा १८२६ जना, स्नातकोत्तर तहमा ३२४ जना, डिएम/एमसिएचमा २३ जना, फेलोसिपमा ५६ र पिएचडी अध्ययनका लागि २५ जनालाई अनुमतिपत्र (Eligibility Letter) प्रदान गरिएको छ ।

चिकित्सा शिक्षा आयोगले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र जारी गर्न सुरू गरेको मिति २०७७ साल असोज १६ गते देखि २०८३ असार मसान्तसम्ममा आयोगबाट वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) लिनेको संख्यात्मक विवरण देहायबमोजिम रहेको छ ।

तालिका १४: आयोगद्वारा हालसम्म जारी भएको वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) सम्बन्धी विवरण

क्र.स.	विषय क्षेत्र	स्नातक	स्नातकोत्तर	डिएम, एमसिएच	फेलोसिप	पिएचडी	जम्मा
१.	मेडिकल र डेण्टलतर्फ	२७९०	१०२७	३३	१०१	२	३९५३
२.	एलाइड हेल्थ साइन्सतर्फ	८५६	५३७	-	५	११	१४०९
३.	नर्सिङतर्फ	२२२०	११७	-	५	१०	२३५२
४.	फार्मेसीतर्फ	२२५	९७	-	०	२	३२४
५.	आयुर्वेदतर्फ	६	२४	-	०	०	३०
जम्मा		६०९७	१८०२	३३	१११	२५	८०६८

माथिको तालिकाबमोजिम मिति २०७७ साल असोज १६ गते देखि २०८३ असार मसान्तसम्ममा आयोगबाट वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) पाऊँ भनी अनलाइन निवेदन दिएका मध्ये स्नातक तहमा ६,०९७ जना, स्नातकोत्तर तहमा १,८०२ जना, डिएम/एमसिएचमा ३३ जना, फेलोसिपमा १११ र पिएचडी अध्ययनका लागि २५ जनालाई अनुमतिपत्र (Eligibility Letter) प्रदान गरिएको छ । आयोगबाट प्रदान गरिएका वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) सम्बन्धी विस्तृत विवरण अनुसूची ७ मा समावेश गरिएको छ ।

५.२.३ शिक्षण संस्थाहरूको अनुगमनः

(क) आ. व. २०८२/ ८३ मा चिकित्सा शिक्षातर्फ स्नातक, स्नातकोत्तर र सोभन्दा माथिका कार्यक्रम सञ्चालन गर्ने सबै शिक्षण संस्थालाई सेल्फ अप्राइजल फारम भराइ भेरिफिकेसन गरिएको थियो । सेल्फ अप्राइजलमा भराई मुख्यमुख्य र आवश्यक पर्ने सूचनाहरू अनुगमन पूर्व अनुगमनकर्ताहरूलाई उपलब्ध गराइएको थियो ।

(ख) आ. व. २०८२/ ८३ मा चिकित्सा शिक्षातर्फका कार्यक्रम सञ्चालन गर्ने ९० ओटा शिक्षण संस्था (स्नातक तहका कार्यक्रम सञ्चालन गर्ने ९०, स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्ने ४४ र DM/MCh कार्यक्रम सञ्चालन गर्ने १९ ओटा) को सम्बन्धित

विषयका विज्ञद्वारा अनुगमन गराई प्रतिवेदन सङ्कलन गरिएको । उल्लिखित सबै प्रतिवेदनहरू सिट निर्धारण प्रयोजनका लागि योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयमा हस्तान्तरण गरिएको थियो ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सम्बन्धनसहित सिट माग गरेका २ ओटा र सिट निर्धारण प्रयोजनका लागि सात ओटै प्रदेशका कम्तिमा ३/३ वटा शिक्षण संस्था पर्ने गरी रेन्डम स्याम्प्लिङ (Random Sampling) विधिद्वारा छनौट भएका २४ ओटा शिक्षण संस्थाको विज्ञसहितको टोलीबाट अनुगमन गरिएको थियो ।

५.२.४ सिट निर्धारणः

आयोगको मिति २०८२।०४ ।२९ को बैठकको निर्णयअनुसार शैक्षिक सत्र २०८२/८३ मा चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका शैक्षिक कार्यक्रम संञ्चालन गर्ने देहायबमोजिमका ६ ओटा शिक्षण संस्थाको विभिन्न कार्यक्रमको सिट निर्धारण गरी परिषद् कार्यालयमा पठाइएको छ ।

तालिका १५ः प्रमाणपत्र तहका शैक्षिक कार्यक्रमको निर्धारित सिटसम्बन्धी विवरण

क्र.स.	संस्थाको नाम	कार्यक्रम तथा सिट सङ्ख्या
१.	योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, सुर्खेत ।	(क)डिप्लोमा इन फार्मेसी-४ (ख)प्रमाणपत्र तह सामान्य चिकित्सा-४० (ग) प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद)-४०
२.	आम्दा इन्स्टिच्युट अफ हेल्थ साइन्स, रूपन्देही ।	(क) डिप्लोमा इन फार्मेसी- ४० (ख) प्रमाणपत्र तह सामान्य चिकित्सा-४० (ग) प्रमाणपत्र तह नर्सिङ-४०
३.	गण्डकी पोलिटेक्निक इन्स्टिच्युट, कास्की।	(क) डिप्लोमा इन फार्मेसी- ४० (ख) प्रमाणपत्र तह सामान्य चिकित्सा-४०
४.	तुलसीपुर बहुप्राविधिक शिक्षालय, दाङ ।	(क) डिप्लोमा इन फार्मेसी- ४०
५.	कालिका पोलिटेक्निक इन्स्टिच्युट, सर्लाही।	(क) डिप्लोमा इन फार्मेसी- ४० (ख) प्रमाणपत्र तह सामान्य चिकित्सा-४०
६.	बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, बालाजु, काठमाडौं ।	(क) डिप्लोमा इन अप्थाल्मिक साइन्स-४०

५.२.५ मापदण्ड, कार्यविधि तथा अनुगमन फाराम तयारीसम्बन्धी कार्यहरू

आर्थिक वर्ष २०८२/८३ को अवधिमा मापदण्ड र प्रत्यायनसँग सम्बन्धित देहायअनुसारका मापदण्ड, कार्यविधि तथा अनुगमन फारामको तयारी विकास तथा स्वीकृत भएका थिए:

(क) आसयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि,२०८३,

(ख) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि,२०८३,

(ग) शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि,२०८३,

(घ) वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८३

(ङ) चिकित्सा शिक्षातर्फका एमबिबिएस शैक्षिक कार्यक्रमको प्रत्यायन मापदण्डको मस्यौदा,

(च) स्नातक तहका सात ओटा नयाँ शैक्षिक कार्यक्रमको अनुगमन फाराम ।

५.२.६ एमबिबिएस शैक्षिक कार्यक्रमको प्रत्यायन मापदण्ड विकास तथा कार्यान्वयनको प्रगति

चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि तथा World Federation for Medical Education (WFME) बाट मान्यता (Recognition) प्राप्त गर्ने उद्देश्यले चिकित्सा शिक्षा आयोगले नेपालमा सञ्चालन भइरहेका एमबिबिएस शैक्षिक कार्यक्रमका लागि प्रत्यायन मापदण्ड तथा प्रत्यायनसम्बन्धी प्रक्रिया विकास, परिमार्जन तथा अन्तिमीकरण गर्ने कार्य अघि बढाउँदै आएको छ।

यस क्रममा प्रारम्भिक रूपमा तयार गरिएको प्रत्यायन मापदण्डको मस्यौदा नेपालमा एमबिबिएस शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका सम्पूर्ण शिक्षण संस्थाहरूमा पठाई संस्थागत तहमा अध्ययन, छलफल तथा सुझाव संकलन गरिएको थियो। साथै, सम्पूर्ण सम्बन्धित शिक्षण संस्थाका प्रतिनिधिहरूको सहभागितामा राष्ट्रिय स्तरमा सरोकारवाला परामर्श बैठक आयोजना गरी मापदण्डको मस्यौदामाथि विस्तृत छलफल तथा सुझाव संकलन गरिएको थियो।

वि.स.२०८२ मंसिरमा अन्तर्राष्ट्रिय विज्ञहरू Prof. Thomas V. Chacko तथा Prof. Titi Savitri (SERAME, President) को सहभागितामा अन्तर्राष्ट्रिय विज्ञस्तरीय समीक्षा तथा प्रमाणीकरण बैठक आयोजना गरी प्रत्यायन मापदण्डको मस्यौदाको विस्तृत समीक्षा गरिएको थियो। उक्त बैठकबाट प्राप्त सुझाव तथा प्रतिक्रियालाई समावेश गरी मापदण्डमा आवश्यक परिमार्जन गरिएको थियो। परिमार्जित प्रत्यायन मापदण्डको अन्तिम मस्यौदा वि.स.२०८२ फागुनमा चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिमा पेस गरिएको थियो।

हाल आयोगले तयार गरेको प्रत्यायन मापदण्ड तथा प्रत्यायनसम्बन्धी प्रक्रियाको पाइलट परीक्षण गर्ने कार्य अघि बढाइरहेको छ। पाइलट परीक्षणका लागि दुई वटा शिक्षण संस्थाको छनोट गरी

सम्बन्धित संस्थामा प्रत्यायन मापदण्ड तथा प्रक्रियाको प्रयोगात्मक परीक्षण गर्ने, कार्यान्वयनका क्रममा देखिने व्यावहारिक पक्ष तथा चुनौतीहरूको पहिचान गर्ने र आवश्यक सुझाव संकलन गर्ने कार्य गरिनेछ।

पाइलट परीक्षणबाट प्राप्त निष्कर्ष, अनुभव तथा सुझावका आधारमा प्रत्यायन मापदण्ड, प्रत्यायनसम्बन्धी प्रक्रिया तथा सम्बन्धित दस्तावेजहरूमा आवश्यक परिमार्जन गरी अन्तिम रूप दिइनेछ। तत्पश्चात् अन्तिम रूपमा स्वीकृत प्रत्यायन मापदण्ड तथा प्रत्यायनसम्बन्धी निर्देशिका WFME समक्ष पेस गरी नेपालको प्रत्यायन प्रणालीले WFME Recognition प्राप्त गर्ने प्रक्रियालाई थप अगाडि बढाइनेछ।

WFME Recognition का लागि राष्ट्रिय विज्ञ, सम्बन्धित शिक्षण संस्था, सरोकारवाला तथा अन्तर्राष्ट्रिय विज्ञहरूको सुझाव र सहभागितालाई समेट्दै नेपालमा एमबिबिएस शैक्षिक कार्यक्रमको गुणस्तर सुनिश्चितता तथा निरन्तर गुणस्तर सुधारका लागि राष्ट्रिय प्रत्यायन प्रणालीको विकास, सोको नमूना परीक्षण र अन्तिमीकरण गरी आवश्यक प्रक्रिया अघि बढाउन चिकित्सा शिक्षा आयोगबाट क्रमिक रूपमा कार्य भैरहेको छ।

५.२.७ विभिन्न समिति, उपसमिति, कार्यदलहरूको कार्यसम्पादनमा सहजीकरणः

यस निर्देशनालयको तर्फबाट देहायका समिति, उपसमिति, कार्यदलहरूको बैठक सञ्चालनलगायतका कार्यमा सहजीकरण गरिएको थियोः

(क) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २५ बमोजिम गठित प्रत्यायन समिति,

(ख) आसयपत्र सम्बन्धन र प्रत्यायनसम्बन्धी मापदण्ड, २०७९ को दफा १२ बमोजिम गठित प्रत्यायन उपसमिति,

(ग) कार्यकारी समितिको मिति २०८२/०४/२० को निर्णयानुसार MBBS कार्यक्रमको प्रत्यायनसम्बन्धी मापदण्ड तयार गर्न गठित कार्यदल,

(घ) कार्यकारी समितिको मिति २०८२/०५/१९ को निर्णयानुसार सेल्फ अप्राइजल भेरिफिकेसन, फ्याकल्टीको बायोमेट्रिक हाजिरी व्यवस्थापन र अनुगमन पूर्व तयारीसम्बन्धी कार्यका लागि गठित कार्यदल,

(ङ) कार्यकारी समितिको मिति २०८२/०५/१९ को निर्णयानुसार स्नातक तथा स्नातकोत्तर तहको विभिन्न शैक्षिक कार्यक्रमको न्यूनतम मापदण्ड र अनुगमन फाराम तयारीसम्बन्धी कार्यका लागि गठित कार्यदल,

परिच्छेद - छ
परीक्षा निर्देशनालय

परीक्षा निर्देशनालय चिकित्सा शिक्षाका विभिन्न तहका एकीकृत परीक्षा प्रणालीको व्यवस्थापन गर्ने एक महत्त्वपूर्ण निकाय हो । यसले स्नातक, स्नातकोत्तर र सोभन्दा माथिका तहहरूको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दछ । यसका साथै निर्देशनालयले प्रवेश परीक्षा, विद्यार्थी भर्ना, मूल्याङ्कन र अन्तिम परीक्षासम्बन्धी नीति तथा मापदण्ड तयार गर्ने, परीक्षासम्बन्धी आवश्यक प्रविधि विकास गर्ने, विद्यार्थी भर्नाका लागि म्याचिङ प्रणालीको विकास र कार्यान्वयन गर्ने, छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग कबुलियतनामा गर्ने कार्यहरू गर्दछ । चिकित्सा शिक्षामा निष्पक्ष र व्यवस्थित परीक्षा प्रणाली कायम राख्न यस निर्देशनालयको महत्त्वपूर्ण भूमिका रहेको छ ।

६.१ काम, कर्तव्य र अधिकारः राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेको छः

(क) चिकित्सा शिक्षासम्बन्धी स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) प्रवेश परीक्षा, विद्यार्थी भर्ना, विद्यार्थी मूल्याङ्कन र अन्तिम परीक्षासम्बन्धी नीति तथा मापदण्ड तयार गरी समितिमा पेस गर्ने,

(ग) परीक्षासम्बन्धी आवश्यक प्रविधि विकास गरी कार्यान्वयन गर्ने,

(घ) विद्यार्थी भर्नाका लागि म्याचिङ प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,

(ङ) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग अध्ययन सर्तसम्बन्धी कबुलियतनामा गर्ने,

(च) एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गर्ने,

(छ) नेपालका शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिका लागि विषयगत रूपमा न्यूनतम प्राप्ताङ्क निर्धारणसम्बन्धी कार्य गर्ने,

(ज) परीक्षा सञ्चालनका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने,

(झ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

६.२ सम्पादित कार्यहरूको विवरणः

यस निर्देशनालयबाट आर्थिक वर्ष २०८२/८३ मा देहाय अनुसारका कार्यहरु सम्पादन भएका थिएः

६.२.१ एकीकृत प्रवेश परीक्षा सञ्चालन

स्नातक तह :

(क) चिकित्सा शिक्षा स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइनमार्फत् मिति २०८२/०५/०१ गते सार्वजनिक सूचना प्रकाशन गरी अनलाइनमार्फत् ६०,२४९ जनाको आवेदन सङ्कलन,

(ख) स्नातक तहको एकीकृत प्रवेश परीक्षाका लागि यस आयोगमा सूचीकृत भएका विभिन्न विषयका ३०७ विज्ञ (रोष्टर) बाट ११,४८२ ओटा कोरा प्रश्न सङ्कलन भई सुरक्षित भण्डारण,

(ग) प्रश्नपत्र परिमार्जनका लागि विषय विज्ञहरूको उपसमिति गठन गरी स्नातक तहका १३ ओटा शैक्षिक कार्यक्रमको प्रश्नपत्र परिमार्जन गरी अन्तिम रूप प्रदान,

(घ) स्नातक तहको एकीकृत प्रवेश परीक्षाको लागि आवेदन गरेकामध्ये ५८,७७३ जना उम्मेद्वारहरूको आवेदन स्वीकृत भई काठमाडौं उपत्यकाभित्रका ललितपुर, भक्तपुर र काठमाडौं जिल्लामा सञ्चालित शैक्षिक संस्थाहरूमा २१४ ओटा परीक्षा केन्द्र निर्धारण गरी मिति २०८२/०७/१५ गतेदेखि १९ गतेसम्म परीक्षा सञ्चालन,

(ङ) स्नातक तहको विभिन्न शैक्षिक कार्यक्रमको परीक्षामा सामेल भएका ५६,३९५ जनामध्ये विभिन्न शैक्षिक कार्यक्रममा 50th percentile (cut-off) Score ल्याउन सफल भएका २८,२५२ उम्मेद्वारहरू को आयोगले निर्धारण गरेको प्राथमिकता तथा योग्यताक्रमका आधारमा विभिन्न चरणको म्याचिङबाट ८,५५० जना उम्मेद्वार विभिन्न शिक्षण संस्था तथा शैक्षिक कार्यक्रममा भर्नाका लागि सिफारिस ।

तालिका १६: स्नातक तहको शैक्षिक कार्यक्रमगतको सिट , 50th percentile (cut-off) Score ल्याउने र भर्ना भएका उम्मेद्वारहरूको विवरण (गत तीन वर्षको)

UG 2024

SN	Program	Seats					Admitted			
		Total	Army	Foreign	Scholarship	Paying	Army	Foreign	Scholarship	Paying
1.	B Optom.	80		9	54	17			50	30
2.	B Perfusion Technology	5		0	4	1			3	2
3.	B Pharm	705		191	179	335			166	449
4.	BAMS	100		12	62	26			59	5
5.	BASLP	6		1	4	1			3	3
6.	BDS	545		165	109	271			95	435
7.	BMS	130		17	84	29			59	
8.	BNS	1130	20	235	476	399	5		477	132
9.	BPH	700	10	174	198	318	5		184	117
10.	BPT	125		39	27	59			24	69
11.	B Sc Midwifery	20		2	15	3			12	8
12.	B Sc MIT	80		19	27	34			23	43
13.	B Sc MLT	335	6	80	107	142	6	1	102	131
14.	B Sc Nursing	1720	20	442	535	723	20	1	520	1179
15.	MBBS	1925	49	562	452	862	47	542	452	884
Grand Total		7606	105	1948	2333	3220	83	544	2229	3487

UG 2025

S.N.	Program	Seats					Admitted			
		Total	Army	Foreign	Paying	Scholarship	Army	Foreign	Scholarship	Paying
1.	B Perfusion Technology	3	0	0	1	2			2	1
2.	BAMS	100	0	12	26	62			60	18
3.	BASLP	16	0	1	3	12			12	0
4.	BDS	575	0	178	285	112		1	105	462
5.	BNS	980	6	182	322	470	6		455	343
6.	B Optom.	90	0	13	23	54			40	48

7.	BPH	670	3	168	293	206	3		183	118
8.	B Pharm	755	0	200	354	201			187	469
9.	BPT	150	0	48	71	31			27	91
10.	B Sc Midwifery	20	0	2	3	15			13	7
11.	BSc MIT	100	0	25	39	36			34	48
12.	B Sc MLT	361	6	91	146	118	6		111	164
13.	B Sc Nursing	1990	19	503	823	645	18	2	629	1341
14.	MBBS	2140	49	594	926	571	46	482	571	1041
15.	BMS	120	0	16	27	77			52	0
Grand Total		8070	83	2033	3342	2612	79	485	2481	4151

UG 2026

SN.	Program	Total Examinees	Eligible Candidates	Seats					Admitted			
				Total	Army	Foreign	Paying	Scholarship	Army	Foreign	Scholarship	Paying
1.	B Perfusion Technology	105	54	3	0	0	1	2		0	1	0
2.	BAMS	418	212	110	0	16	31	63		0	54	14
3.	BASLP	105	53	16	0	1	3	12		0	11	5
4.	BDS	9072	4543	625	0	196	310	119		0	94	531
5.	BNS/BMS	3055	1535	1127	20	219	388	500	4	0	460	487
6.	B Optom.	1236	622	100	0	16	28	56		0	44	56
7.	BPH	2245	1126	712	9	181	321	201	7	0	177	122
8.	B Pharm	4649	2329	835	0	228	397	210		1	194	590
9.	BPT	662	332	150	0	49	70	31		0	27	100
10.	B Sc MIT/B Sc Radio Therapy Technology	667	337	113	0	28	47	38	0	0	34	72
11.	B Sc MLT	1600	808	387	6	100	160	121	5	0	121	245
12.	B Sc Nursing/B Sc Midwifery	15053	7529	2460	20	645	1068	727	19	3	701	1736
13.	MBBS	17528	8772	2635	49	749	1146	691	47	742	691	1155
Grand Total		56395	28252	9273	104	2428	3970	2771	82	746	2609	5113

स्नातकोत्तर तह :

(क) चिकित्सा शिक्षा स्नातकोतर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाका लागि अनलाइनमार्फत् मिति २०८२/०८/१८ गते सार्वजनिक सूचना प्रकाशन गरी ९,९४८ जनाको आवेदन सङ्कलन,

(ख) स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाका लागि यस आयोगमा सूचीकृत भएका विभिन्न विषयका ६४७ विज्ञबाट १५,४७६ ओटा कोरा प्रश्न निर्माण, सङ्कलन, व्यवस्थापन भई सुरक्षित भण्डारण,

(ग) प्रश्नपत्र परिमार्जनका लागि विषय विज्ञहरूको उपसमिति गठन गरी स्नातकोत्तर तहका ११ ओटा शैक्षिक कार्यक्रमको प्रश्नपत्र परिमार्जन,

(घ) स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको लागि आवेदन गरेकामध्ये ९ ६०२, उम्मेद्वारहरूको आवेदन स्वीकृत भई काठमाडौं उपत्यकाभित्रका भक्तपुर र काठमाडौं जिल्लामा सञ्चालित शैक्षिक संस्थाहरूमा ३९ ओटा परीक्षा केन्द्र निर्धारण गरी परीक्षा सञ्चालन,

(ङ) स्नातकोत्तर तहको विभिन्न शैक्षिक कार्यक्रमको परीक्षामा सामेल भएका ८८७४ , जनामध्येविभिन्न शैक्षिक कार्यक्रममा 50th percentile (cut-off) Score ल्याउन सफल भएका ४ ४३६,उम्मेद्वारहरूले निर्धारण गरेको प्राथमिकता तथा योग्यताक्रमका आधारमा विभिन्न चरणको म्याचिङबाट १,७४७ जना उम्मेद्वार विभिन्न शिक्षण संस्था तथा शैक्षिक कार्यक्रममा भर्नाका लागि सिफारिस ।

तालिका १७ : स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाका लागि निर्धारित कुल सिट आवेदक र परीक्षामा सम्मिलित उम्मेद्वार सङ्ख्या र 50th percentile (cut-off) Score ल्याउने उम्मेद्वारहरूको विवरण (गत तीन वर्षको)

PG 2024

SN	Program	Seats				Admitted		
		Total	Foreign	Government	Open	Foreign	Government	Open
1.	M. Pharmacy	75	9	6	60		2	44
2.	MD Ayurveda	2			2			2
3.	MD/MS (With Experience)	854	104	117	633	27	16	809
4.	MD/MS (Without Experience)	241	12	28	201	1	1	165

SN	Program	Seats				Admitted		
		Total	Foreign	Government	Open	Foreign	Government	Open
5.	MDS	92	2	8	82		6	84
6.	MN/M Sc Nursing	254	23	46	185		46	97
7.	MPH	158	17	26	115		26	97
8.	M Phil	4	1	1	2			4
9.	MPT	5	1		4			5
10.	M Sc Clinical Biochemistry/Microbiology	31	2	4	25		4	23
11.	M Sc MIT	8	2	2	4		2	6
Grand Total		1724	173	238	1313	28	103	1336

PG 2025

SN	Program	Seats				Admitted		
		Total	Open	Government	Foreign	Government	Foreign	Open
1.	MD/MS	1374	1038	201	135	39	32	1184
2.	MD Ayurveda	2	1	1	0	1		1
3.	MDS	115	94	11	10	1		112
4.	M Sc MIT	7	4	2	1	1		6
5.	MN	279	195	57	27	51		86
6.	M Optom.	2	2	0	0	0		2
7.	MPH	179	131	30	18	30		107
8.	M Pharm	81	62	9	10	1		58
9.	M Phil	4	2	2	0	0		4
10.	M Sc Clinical Biochemistry/Microbiology	38	29	7	2	6		23
11.	MPT	5	4	0	1	0		5
Grand Total		2086	1562	320	204	130	32	1588

PG 2026

S. N.	Program	Total Examines	Eligible Candidates	Seats				Admitted		
				Total	Foreign	Open	Government	Government	Foreign	Open
1.	Doctor of Medicine (MD) in Ayurveda	57	30	4	1	2	1	1		3
2.	Master in Medical Physics	6	4	2		1	1	0		2
3.	Master in Physiotherapy	169	86	9	1	8				9
4.	Master of Pharmacy (M.Pharm)	475	244	91	9	73	9	3		74

S. N.	Program	Total Examines	Eligible Candidates	Seats				Admitted		
				Total	Foreign	Open	Government	Government	Foreign	Open
5.	Master of Public Health (MPH)	822	415	221	23	167	31	31		112
6.	Masters of Dental Surgery (MDS)	563	284	102	10	81	11	5		96
7.	MD/MS	6057	3040	1325	132	992	201	51	24	1167
8.	MN/MSc in Nursing/Midwifery	852	430	249	25	175	49	49		114
9.	MPhil in Clinical Psychology	49	26	6		5	1	0		6
10.	M Sc Clinical Biochemistry/Microbiology	228	117	41	4	31	6	6		30
11.	MSc. MIT	39	22	6		4	2	1		5
Grand Total		9317	4698	2056	205	1539	312	147	24	1618

DM/MCh/NBMS-SS तहः

(क) चिकित्सा शिक्षा DM/MCh/NBMS-SS तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइनमार्फत् मिति २०८२/०५/०१ गते सार्वजनिक सूचना प्रकाशन गरी ३१६ जनाको आवेदन सङ्कलन,

(ख) DM/MCh/NBMS-SS को एकीकृत प्रवेश परीक्षाका लागि यस आयोगमा सूचीकृत भएका विभिन्न विषयका ३५४ विज्ञ (रोष्टर) बाट १०६२० ओटा कोरा प्रश्न निर्माण, सङ्कलन, व्यवस्थापन भई सुरक्षित भण्डारण,

(ग) DM/MCh/NBMS-SS को एकीकृत प्रवेश परीक्षाको लागि ३१६ जनाले आवेदन गरेकामा आवेदन स्वीकृत भएका ३१६ उम्मेद्वारहरूको त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान सूचना तथा सञ्चार प्रविधि केन्द्रमा मिति २०८२/०६/०४ गते कम्प्यूटरमा आधारित परीक्षा सञ्चालन,

(घ) DM/MCh/NBMS-SS विभिन्न शैक्षिक कार्यक्रममा परीक्षामा सामेल भएका २७८ जना उम्मेद्वारमध्ये 50th percentile (cut-off) Score ल्याउन सफल भएका १३८ जना उम्मेद्वारहरूको भौतिक उपस्थितिमा योग्यताक्रमका आधारमा भएको विभिन्न चरणको म्याचिङबाट विभिन्न शिक्षण संस्था र शैक्षिक कार्यक्रममा ८५ जना भर्नाका लागि सिफारिस।

तालिका १८: DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमगतको सिट ,परीक्षामा सम्मिलित , 50th percentile (cut-off) Score ल्याउने र भर्ना भएकाको उम्मेद्वारहरूको विवरण, २०२६

SN	Program	Appeared in Exam	Eligible Candidate	Seats				Admitted	
				Total	Open	Govt.	Foreign	Govt.	Open
1.	DM Cardiothoracic Vascular Anaesthesiology and Critical Care	5	3	1	1	0	0		1
2.	DM Critical Care Medicine	22	11	20	16	3	1	1	9
3.	DM Emergency Medicine	12	6	6	5	0	1		5
4.	DM Medical Specialities	125	63	65	49	9	7	6	31
5.	DM Neonatology	6	3	6	6	0	0		2
6.	Mch Surgical Specialities	125	63	63	49	8	6	8	39
7.	NBMS Gynae-Oncology	3	2	1	1	0	0		1
Grand Total		298	151	162	127	20	15	15	88

वैदेशिक छात्रवृत्तितर्फः

आर्थिक वर्ष २०८२/८३ मा चिकित्सा शिक्षा तर्फ विभिन्न मित्रराष्ट्रहरूबाट नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिहरुमा देहाय अनुसार विद्यार्थी छनौट गरी मनोनयनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरी पठाइएको थियोः

(क) पाकिस्तान सरकारबाट प्राप्त छात्रवृत्ति :

शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखाको च.न. १४०३ मिति २०८३/०३/२२ गतेको पत्रानुसार पाकिस्तान सरकारबाट शैक्षिक वर्ष २०२६/२७ मा स्नातक तहका D-Pharmacy विषयका लागि देहायअनुसार छात्रवृत्ति सिट प्राप्त भएकोमा देहायबमोजिम समूहगत सिट विभाजन गरिएको

तालिका १९: पाकिस्तान सरकारबाट शैक्षिक वर्ष २०२६/२७ मा प्राप्त सिट र समूहगत विभाजन

क्र.सं.	कार्यक्रम	जम्मा सिट	खुला	महिला	मुस्लिम महिला	अदिवासी जनजाति	खस आर्य	दलित	मधेशी
१.	D Pharmacy	८	५	१		१	१		

उक्त सिटमा आवेदनकर्ताहरुबाट मिति २०८३/०३/२९ गते अनलाइन म्याचिङ प्रक्रियाबाट खुला समुह तर्फ ५ जना उम्मेद्वार छनौट गरी मिति २०८३/०३/२९ गते गते शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छ ।

(ख) चीन सरकारबाट प्राप्त छात्रवृत्तिः

शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखाको च.न. ५९ मिति २०८२/०८/२१ गतेको पत्रानुसार पाकिस्तान सरकारबाट शैक्षिक वर्ष २०२६/२७ मा स्नातक तहका MBBS कार्यक्रमका लागि देहायअनुसार छात्रवृत्ति सिट प्राप्त भएकोमा देहायबमोजिम समूहगत सिट विभाजन गरिएको थियो।

तालिका २०: चीन सरकारबाट शैक्षिक वर्ष २०२६/२७ मा प्राप्त सिट र समूहगत विभाजन प्राप्त सिट र समूहगत विभाजन

क्र.सं.	कार्यक्रम	जम्मा सिट	खुला	खस आर्य	आदिवासी जनजाति
१	MBBS	३	१	१	१

उक्त सिटमा आवेदनकर्ताहरुबाट मिति २०८२/०९/०४ गते अनलाइन म्याचिङ प्रक्रियाबाट ३ जना उम्मेद्वार छनौट गरी गते शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छ।

(ग) बङ्गलादेश सरकारबाट प्राप्त छात्रवृत्तिः

शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखाको च.न. ५५ र च.न. १०१८ मिति २०८२/१२/२६ गते एवम् मिति २०८२/०८/१२ गतेको पत्रानुसार पाकिस्तान सरकारबाट शैक्षिक वर्ष २०२५/२६ मा स्नातक तहका MBBS, BDS र B SC Nursing शैक्षिक कार्यक्रमका लागि देहायअनुसार छात्रवृत्ति सिट प्राप्त भएकोमा देहायबमोजिम समूहगत सिट विभाजन गरिएको । तालिका २१: बंगलादेश सरकारबाट शैक्षिक वर्ष २०२५/२६ मा प्राप्त सिट र समूहगत विभाजन प्राप्त सिट र समूहगत विभाजन

क्र.सं.	कार्यक्रम	जम्मा सिट	खुला	महिला	दलित महिला	अदिवासी जनजाती	खस आर्य	दलित	थारु	पि क्षे	मधेसी
१.	MBBS	१९	९	२	१	१	२	१	१	१	१
२.	BDS	३	२	-	-	-	-		-	-	१
३.	B Sc Nursing	५	३	१			१				

उक्त सिटमा आवेदनकर्ताहरुबाट मिति २०८२/०९/०४ गते र २०८३/०१/०३ गते अनलाइन म्याचिङ प्रक्रियाबाट उक्त सिटहरुमा उम्मेद्वार छनौट गरी गते शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको छ ।

(घ) क्युवा सरकारबाट प्राप्त छात्रवृत्तिः

शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ६६२ मिति २०८२/१०/०६ गतेको पत्रानुसार क्युबा सरकारबाट शैक्षिक वर्ष २०२६ मा स्नातक तहका लागि देहायअनुसार छात्रवृत्ति सिट प्राप्त भएकोमा देहायबमोजिम समूहगत सिट विभाजन भएको ।

तालिका २२: क्युवा सरकारबाट शैक्षिक वर्ष २०२६ मा प्राप्त सिट र समूहगत विभाजन

प्राप्त सिट र समूहगत विभाजन गरिएको थियो।

क्र.सं.	कार्यक्रम	जम्मा सिट	खुला
१.	MBBS	१	१

उक्त सिटमा आवेदनकर्ताहरुबाट अनलाइन म्याचिङ प्रक्रियाबाट १ जना उम्मेद्वार छनौट गरी गते शिक्षा तथा खेलकुद मन्त्रालय, छात्रवृत्ति शाखामा सिफारिस गरिएको थियो ।

परिच्छेद- सात

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (National Board of Medical Specialties) चिकित्सा शिक्षाको क्लिनिकल विधामा विशेषज्ञतासम्बन्धी कार्यक्रमहरूको विकास र सञ्चालन गर्ने एक महत्त्वपूर्ण निकाय हो । यसले क्लिनिकल स्पेसियालिटिजका नयाँ पाठ्यक्रमहरू तयार गर्ने, पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूमा कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ ।यसले स्पेसियालिटिज कार्यक्रमका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरीवेक्षक र सहभागीको सूची तयार गर्ने, आयोगले तोकेको मापदण्डअनुसार परीक्षा सञ्चालन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि वहन गर्दछ । यस बोर्डले चिकित्सा शिक्षाको विकास र गुणस्तर सुनिश्चित गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

७.१ काम, कर्तव्य र अधिकारः राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेको छः

(क) चिकित्सा शिक्षाको क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी पाठ्यक्रमको तयारीसम्बन्धी कार्य गर्ने,

(ख) पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थामा स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने,

(ग) क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी तालिम सञ्चालन गर्ने संस्था, फ्याकल्टीको पहिचानसम्बन्धी कार्य गर्ने,

(घ) स्पेसियालिटिजका क्लिनिकल विधामा अध्ययनका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरभाइजर र सहभागीको सूची तयार गरी समितिमा पेस गर्ने,

(ङ) आयोगबाट निर्धारित मापदण्डको अधीनमा रही नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको परीक्षा सञ्चालन गर्ने वा गराउने,

(च) अनुगमन तथा मूल्याङ्कन पद्धति निर्माण र कार्यान्वयन गर्ने,

(छ) मेडिकल स्पेसियालिटिजका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग परामर्श गर्ने र सोको जानकारी समितिलाई गराउने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

७.२ सम्पादित कार्यहरूको विवरणः

आर्थिक वर्ष २०८२/८३ मा बोर्डबाट देहायअनुसारका कार्यहरू सम्पादन गरिएको थियोः

१. नीतिगत कार्य

(क) सबस्पेसियालिटी तहको Plastic Surgery, Nephrology, Cardiology, Neurosurgery, CTVS Surgery विषयको ६ वर्ष अवधिको शैक्षिक कार्यक्रमहरू सञ्चालनको लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधिमा आवश्यक संशोधनका विषयवस्तुहरू पहिचान गरी कार्यकारी समितिमा पेस गर्न चिकित्सा शिक्षा आयोग कार्यकारी समितिबाट कार्यविधि संशोधन कार्यदल गठन भएकोमा कार्यदलबाट उक्त कार्य सम्पन्न भएको छ।

(ख) Subspecialty तहको Medical अन्तर्गत Medical Oncology, Neurology, Emergency Medicine, Cardiology, Nephrology, Gastroenterology, Critical Care Medicine र Paediatric Hematology and Oncology विषयको सेल्फ अप्राईजल/अनुगमन टुल्स निर्माण गरिएको छ ।

(ग) Subspecialty तहको Surgical अन्तर्गत Urology, GI Surgery, Neurosurgery, Surgical Oncology (Thoracic Surgery), Surgical Oncology (Genitourinary), Gynecological Oncology, Plastic Surgery विषयको सेल्फ अप्राईजल/अनुगमन टुल्स निर्माण गरिएको छ ।

(घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ चिकित्सा शिक्षा आयोगको मिति २०८३/०२/२० को बैठकबाट स्वीकृत भएको र उक्त कार्यविधि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०८३/०३/०५ मा १४०/८३ नम्बरमा दर्ता भएको छ ।

२. सिट निर्धारण र विद्यार्थी भर्नासम्बन्धी कार्य

(क) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS) अन्तर्गत शैक्षिक सत्र २०८२/८३ (सन् २०२६) मा स्पेसियालिटी तहका शैक्षिक कार्यक्रम सञ्चालनका लागि सेल्फ अप्राइजल फाराम भरेका शैक्षिक संस्थाहरूमा विज्ञहरूको समूहबाट स्थलगत अनुगमन गरी सेल्फ अप्राइजल विश्लेषण तथा फ्याकल्टी भेरिफिकेसन भई सिट सङ्ख्या निर्धारण गरिएको छ । निर्धारित २६ सिटमा परीक्षा निर्देशनालयको म्याचिङ प्रणालीअनुसार म्याचिङ भई भर्नाको लागि बोर्डमा सिफारिस भएका विद्यार्थीहरूलाई बोर्डमा भर्ना गर्ने कार्य सम्पन्न गरिएको

छ । स्पेसियालिटी तहको निर्धारित सिट सङ्ख्या र भर्ना विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका २३ : NBMS स्पेसियालिटी तहको निर्धारित सिट सङ्ख्या र विद्यार्थी भर्ना विवरण

S.N.	Institute	Program	Seats	Admission
1.	Kathmandu Cancer Center, Bhaktapur	Radiation Oncology	1	1
2.	Manmohan Memorial Medical College and Teaching Hospital, Swayambhu, Kathmandu	Orthopedics and Trauma Surgery	1	1
3.	B&B Hospital Pvt. Ltd., Gwarko, Lalitpur	Orthopedics and Trauma Surgery	4	3
		General Surgery	1	1
4.	Himalaya Eye Hospital, Kaski	Ophthalmology	2	2
5.	Lamahi Eye Hospital, Dang	Ophthalmology	2	2
6.	Grande International Hospital Ltd., Dhapasi, Kathmandu	Orthopedics and Trauma Surgery	1	1
		Paediatrics	1	1
7.	Kathmandu Model Hospital Institute of Health Sciences, Bagbazar, Kathmandu	Pathology	1	1
		General Surgery	1	1
		Obstetrics and Gynaecology	1	1
8.	Hospital for Advanced Medicine and Surgery (HAMS), Dhumbarahi, Kathmandu	ENT Head and Neck Surgery	1	1
		Anaesthesiology	1	1
		Internal Medicine	1	1
9.	Nepal Mediciti, Bhaisepati, Lalitpur	Anaesthesiology	1	1
		Radiodiagnosis	1	1
		ENT Head and Neck Surgery	1	1
		Pathology	1	1
		Orthopedics and Trauma Surgery	1	1
		Paediatrics	1	1
10.	Kirtipur Hospital (Public Health Concern Trust), Kathmandu	Anaesthesiology	1	1
	Total		26	25

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS) अन्तर्गत शैक्षिक सत्र २०८२/८३ (सन् २०२५) मा सबस्पेसियालिटी तहका शैक्षिक कार्यक्रम सञ्चालनका लागि सेल्फ अप्राइजल फाराम भरेका शैक्षिक संस्थाहरूमा विज्ञहरूको समूहबाट स्थलगत अनुगमन गरी सेल्फ अप्राइजल विश्लेषण तथा फ्याकल्टी भेरिफिकेसन भई सिट सङ्ख्या निर्धारण गरिएको छ । निर्धारित १६ सिटमा परीक्षा निर्देशनालयको म्याचिङ प्रणालीअनुसार म्याचिङ भई भर्नाको लागि बोर्डमा सिफारिस भएका विद्यार्थीहरूलाई बोर्डमा भर्ना गर्ने कार्य सम्पन्न गरिएको छ । सबस्पेसियालिटी तहको लागि निर्धारित सिट सङ्ख्या र भर्ना विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका २४: NBMS सबस्पेसियालिटी तहको लागि निर्धारित सिट सङ्ख्या र भर्ना विवरण

S.N	Institute	Program	Seat	Admission
1.	B.P. Koirala Memorial Cancer Hospital, Chitwan	Surgical Oncology (Thoracic Surgery)	1	1
		Surgical Oncology (Genotpurinary)	1	0
		Gynecological Oncology	1	1
2.	Kirtipur Hospital (Public Health Concern Trust), Kathmandu	Plastic Surgery	2	0
3.	Purbanchal Cancer Hospital, Birtamode, Jhapa	Medical Oncology	1	0
4.	Nepal Mediciti Hospital, Lalitpur	Gastrointestinal Surgery	2	0
		Urology	1	1
		Neurosurgery	1	0
5.	B&B Hospital Pvt. Ltd., Lalitpur	Urology	1	1
6.	Grande International Hospital, Kathmandu	Critical Care Medicine	1	0
7.	Upendra Devkota Memorial National Institute of Neurological and Allied Sciences, Kathmandu	Neurosurgery	2	2
		Neurology	1	0
8.	Hospital for Advanced Medicine and Surgery (HAMS), Dhumbarahi, Kathmandu	Cardiology	1	0
	Total		16	6

(ग) स्पेसियालिटी तहमा भर्ना भएका रेजिडेन्टहरूको कक्षा २०८३ बैशाख १० गतेबाट र सबस्पेसियालिटी तहमा भर्ना भएका रेजिडेन्टहरूको कक्षा २०८२ मङ्सिर ३ गतेबाट सम्बन्धित शिक्षण संस्थामा प्रारम्भ भएको छ ।

३. अभिमुखीकरण कार्यक्रम सञ्चालन

(क) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS) अन्तर्गत शैक्षिक सत्र २०८१/८२ (सन् २०२५) मा स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका शैक्षिक कार्यक्रममा भर्ना भएका रेजिडेन्टहरूका लागि एनबिएमएस शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ऐन, नियम तथा कार्यविधिमा भएका व्यवस्था, इ-लगबुकको प्रयोग, रेजिडेन्टको काम, कर्तव्य र भूमिका लगायतका विषयमा एक दिनको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS) अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनका लागि जिम्मेवारी प्रदान गरिएका फ्याकल्टीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

४. तालिम सञ्चालन

(क) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतका फ्याकल्टी (Senior faculty/Faculty/Junior faculty) हरूको क्षमता विकास सम्बन्धी मापदण्ड/ढाँचा/पाठ्यक्रम विज्ञ सम्मिलित कार्यदलबाट विकास गरी स्वीकृत गरिएको छ । एनबिएमएससँग आवद्ध विभिन्न शैक्षिक संस्थाका विभिन्न शैक्षिक कार्यक्रमका २९ जना फ्याकल्टीहरूको सहभागितामा ६ दिनको फ्याकल्टी डेभलपमेन्ट तालिम चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरमा सञ्चालन गरिएको छ ।

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतका रेजिडेन्टहरूको लागि पाठ्यक्रम तथा कार्यविधिमा निर्धारण भएबमोजिमको Research Methodology Training संचालन सम्बन्धी मापदण्ड/ढाँचा/पाठ्यक्रम विज्ञ सम्मिलित कार्यदलबाट विकास गरी स्वीकृत गरिएको छ । नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा भर्ना भएका रेजिडेन्टहरूले गर्नुपर्ने अनिवार्य तालिम अन्तर्गत विभिन्न शैक्षिक संस्थामा विभिन्न विषयमा अध्ययनरत ३० जना रेजिडेन्टहरूको सहभागितामा ६ दिनको Research Methodology Training प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI), सानोठिमी, भक्तपुरमा सञ्चालन गरिएको थियो ।

(ग) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतका रेजिडेन्टहरूको लागि पाठ्यक्रम तथा कार्यविधिमा निर्धारण भएबमोजिमको Mandatory Training सञ्चालनसम्बन्धी मापदण्ड/ढाँचा/पाठ्यक्रम विज्ञ सम्मिलित कार्यदलबाट विकास गरी स्वीकृत गरिएको छ । नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा भर्ना भएका रेजिडेन्टहरूले गर्नुपर्ने अनिवार्य तालिम अन्तर्गत विभिन्न शैक्षिक संस्थामा विभिन्न विषयमा अध्ययनरत २८ जना रेजिडेन्टहरूको सहभागितामा ५ दिनको Mandatory Training प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI), सानोठिमी, भक्तपुरमा सञ्चालन गरिएको थियो ।

(घ) Faculty Development Training, Research Methodology Training र Mandatory Training सम्पन्न गर्ने फ्याकल्टी तथा रेजिडेन्टलाई प्रमाण पत्र प्रदान गरिएको छ । उल्लिखित तालिमहरू सम्बन्धित क्षेत्रका विज्ञ प्रशिक्षकहरूबाट सञ्चालन गरिएको हो।

५. अनुगमन

(क) चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत आर्थिक वर्ष (शैक्षिक सत्र) २०८२/८३ मा सबस्पेसियालिटी (DM/MCh तह सरह) तह तथा स्पेसियालिटी (MD/MS तह सरह) तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी तथा निजी अस्पताल तथा स्वास्थ्य संस्था (विश्वविद्यालय, प्रतिष्ठान तथा मेडिकल कलेजबाहेक) हरूले पेस गरेको स्वमूल्याङ्कन (Self-Appraisal) फारामबमोजिम शिक्षण संस्थाहरूको स्थलगत अनुगमन विज्ञहरूबाट सम्पन्न गरिएको छ ।

(ख) एनबिएमएस कार्यक्रमको सञ्चालन व्यवस्थापन एवम् सम्बन्धित शैक्षिक संस्थाहरूबाट हुने आन्तरिक मूल्याङ्कन परीक्षाको अनुगमन विभिन्न शैक्षिक संस्थाहरूमा सम्पन्न गरिएको छ ।

(ग) चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत आर्थिक वर्ष (शैक्षिक सत्र) २०८३/८४ मा सबस्पेसियालिटी (DM/MCh तह सरह) तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी तथा निजी अस्पताल तथा स्वास्थ्य संस्था (विश्वविद्यालय, प्रतिष्ठान तथा मेडिकल कलेजबाहेक) बाट स्वमूल्याङ्कन (Self-Appraisal) फाराम पेस गर्न सूचना गरेबमोजिम प्राप्त भएका नौ ओटा शिक्षण संस्थाहरूको स्वमूल्याङ्कन फाराम प्राप्त भएकोमा एक वटा शिक्षण संस्थाको स्थलगत अनुगमन विज्ञहरूबाट सम्पन्न गरिएको छ ।

६. पाठ्यक्रम निर्माण

(क) कार्यकारी समितिबाट गठित विज्ञ सम्मिलित पाठ्यक्रम विकास उपसमितिबाट Medical Oncology, Plastic Surgery, Paediatric Oncology, Emergency Medicine र Nephrology विषयको पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको छ ।

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत सबस्पेसियालिटी तहको Urology र स्पेसियालिटी तहको Pathology र Radiodiagnosis शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम परिमार्जन गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिजमार्फत् कार्यकारी समितिमा पेस गर्न गठित विषयगत पाठ्यक्रम निर्माण उपसमितिबाट पाठ्यक्रम परिमार्जन कार्य सम्पन्न भएको छ।

७. अन्तिम बोर्ड परीक्षा सञ्चालन

(क) सब-स्पेसियालिटी तहको शैक्षिक कार्यक्रममा शैक्षिक वर्ष वर्ष २०७९/८० (सन् २०२२) मा भर्ना भई तीन वर्षको अध्ययन अवधि पूरा गरेका विद्यार्थी (रेजिडेन्ट) हरूको अन्तिम बोर्ड परीक्षाअन्तर्गत सैद्धान्तिकतर्फको परीक्षा २०८२ कात्तिक २४, २६ र २८ गते चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरमा र प्रयोगात्मकतर्फको परीक्षा २०८२ मङ्सिर १ देखि ६ गतेसम्म वि एण्ड वि हस्पिटल, ग्वार्को, ललितपुर, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, महाबौद्ध, काठमाडौं र हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी (HAMS), काठमाडौंमा सञ्चालन गरी २०८२ मङ्सिर ६ गते परीक्षाफल प्रकाशन गरिएको छ । यो चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित सबस्पेसियालिटी तहको दोस्रो अन्तिम बोर्ड परीक्षा हो । यस परीक्षामा Critical Care Medicine, Surgical Oncology (Thoracic), Surgical Oncology (Genitourinary), GI Surgery र Urology विषयमा परीक्षा सञ्चालन गरिएको थियो । यस परीक्षामा स्वदेश तथा विदेशबाट परीक्षक चयन गरी परीक्षा सञ्चालन गरिएको थियो ।

(ख) सबस्पेसियालिटी तहको अन्तिम बोर्ड परीक्षामा सफल भएका रेजिडेन्टहरूलाई ट्रान्सक्रिप्ट तथा प्रोभिजनल सर्टिफिकेट प्रदान गरिएको छ ।

८. रेजिडेन्टको पोष्टिङसम्बन्धी

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा भर्ना भएका रेजिडेन्टहरूलाई सरकारी अस्पतालहरूमा रोटेसनल पोस्टिङमा पठाउनुपर्ने

प्रावधानअनुसार विभिन्न शैक्षिक संस्थामा विभिन्न शैक्षिक कार्यक्रममा भर्ना भएका रेजिडेन्टहरूलाई देहायबमोजिमका अस्पतालहरूमा पोस्टिङ गर्ने कार्य सम्पन्न भएको छः

(क) भरतपुर अस्पताल, चितवन
(ख) मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुर
(ग) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौँ
(घ) राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौँ
(ङ) वी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन
(च) नारायणी अस्पताल, वीरगञ्ज
(छ) भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर
(ज) शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौँ
(झ) निजामती अस्पताल, काठमाडौँ

९. विविध

(क) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गतको स्पेसियालिटिज तहमा नयाँ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूसँग द्विपक्षीय सम्झौता गर्ने कार्य सम्पन्न गरिएको छ।

